युवा तथा साना व्यवसायी स्वरोजगार कोष (सञ्चालन)

नियमावली २०७७, को

परिच्छेद ८, नियम २७ बमोजिम

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

को

वार्षिक प्रगति प्रतिवेदन

२०८२

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

सम्पर्क ठेगाना:

ललितपुर -१०, कुपण्डोल

टेलिफोन:

०१–४१०२७८२,

०१–४१०२७८८

इमेल ठेगाना:

info@ysef.gov.np

वेबसाइट:

www.ysef.gov.np

अफिसियल फेसबुक पेज:

युवा तथा साना व्यवसायी स्वरोजगार कोष,

कुपण्डोल, ललितपुर

कोषमा युवा आकर्षणका पक्षहरु



उपाध्यक्षको मन्तव्य

युवाहरूको श्रम र सीपलाई सदुपयोग गरी देशको विद्यमान बेरोजगारी समस्याको समाधानका लागि स्वरोजगारका अवसरहरू सिर्जना गर्ने उद्धेश्यले वि.सं. २०६५ सालमा यो कोष स्थापना भएको हो । कोषले पूंजीको अभावमा आफ्नो सीप, ज्ञान र प्रतिभा उपयोग गर्न नपाएका १८ देखि ६० वर्ष उमेरका युवा तथा साना व्यवसायीहरूलाई बैक बित्तिय तथा सहकारी संस्था मार्फत विना धितो सुलभ कर्जा उपलब्ध गराउंदै आएको छ । कोषले सन्चालन गर्ने कार्यक्रमहरू लक्षित समुदायहरूका लागि हुनुपर्ने कानूनी प्रावधान रहेको छ । देशभर कार्यक्षेत्र रहेको यस कोषको मुख्य स्रोत नै बैंक तथा वित्तीय संस्थामा रहेको विपन्नवर्ग कर्जा हो ।

कर्जा प्रवाह गर्ने क्रममा युवा, महिला, आदिबासी, जनजाती, पिछडा वर्ग, सुकुम्बासीहरूको नेतृत्व भएका सहकारी संस्थाहरूलाई प्राथमिकतामा राखेर थोककर्जा प्रवाह गर्ने र उक्त संस्थाहरूले बेरोजगार उघमी छनौट गर्दा समेत लक्षित बर्गलाई प्राथमिकतामा राखेर लगानी गर्ने प्रावधान निर्धारण गरेको छ । उघमी बन्नको लागी थोरै रकम समेत जुटाउन नसक्ने, धितो नभएको कारण बैक बित्तिय संस्थाबाट कर्जा नपाउने, व्यापार व्यवसायको शुरूवात गर्न व्यक्तिगत रूपमा चक्रवर्ती व्याज (मिटर ब्याज) मा कर्जा लिन बाध्य भईरहेका युवाहरूलाई विनाधितो सुलभ कर्जा प्रदान, व्यवसाय र व्यवसायीको निशुल्क बीमा, व्यवसायिक तालिम र नियमित रकम तिर्ने उघमीलाई ६०% ब्याज रकम फिर्ता कोषको सुन्दर पक्ष हो ।

कोष सन्चालन नियमावली, २०७७ मा आर्थिक वर्ष समाप्त भएको ४ महिनाभित्र आफूले गरेको कामको वार्षिक प्रतिवेदन प्रकाशन गरिसक्नुपर्ने प्रावधान रहेकोले यस वर्षदेखि वार्षिक प्रतिवेदन पुस्तिका प्रकाशन शुरू गरिएको जानकारी गराउन पाउंदा खुशी लागेको छ ।

कोषलाई प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग पुरयाउने नेपाल सरकार, मन्त्रालय, अन्य सरोकारवाला निकायहरू र कोष परिवार प्रति हार्दिक धन्यवाद प्रकट गर्दछु ।

(अनिलराज पौडेल)

उपाध्यक्ष

विषय सूचीहरू

पेज नं

१. परिचय ६
२. कोषको उद्देश्य ७
३. कोषको स्थापना, काम, कर्तव्य र अधिकार ८
४. कोषको स्रोत रकम ८
५. कोषको कार्य ९
६. कोषको प्रयोग ९
७. लगानीको श्रोत संकलन र प्रवाह १०
८. युवा तथा साना व्यवसायी स्वरोजगार कोष संचालन संचालक समिति ११
९. संचालक समिति र समितिको काम, कर्तव्य र अधिकार ११
१०. कोष संचालन नियमावलीमा गरिएका महत्वपूर्ण व्यवस्था १२
११. कोषको नियमावली र कार्यविधिमा व्यवस्था गरिएका अन्य समितिहरू १३
१२. शाखाहरूको कार्यविवरण १५
१३. कोषबाट प्रदान गरिने सेवाहरु २२
१४. नेपालमा रोजगारीको अवस्था र सोह्रौं योजनाको लक्ष्य २४
१५. जनशक्ति विवरणं २५
१६. हाल कोषमा कार्यरत कर्मचारीहरूको दरबन्दीको अवस्था २५
१७. कोषबाट यस आ.ब.मा सम्पन्न भएका कार्यहरू २६
१८. आ.व. २०८१/८२ सम्मको स्वरोजगार र मौसमी रोजगारको अवस्था ३३
१९. आ.व. २०८१/८२ मा विनियोजित बजेट खर्चको विवरण ३३
२०. विकास कार्यक्रमहरूको क्रियाकलापगत प्रगति विवरण ३४
२१. कोषका प्रमुख समस्याहरू ३६
२२. कोषका चुनौतीहरू ३७
२३. स्वरोजगार क्षेत्रमा सुधार गर्नुपर्ने पक्ष तथा क्षेत्रहरू ३८
२४. कोषको चालु आ.व.०८२/८३ को लक्ष्य ४०
२५ अन्तमा ४१

१. परिचय :

युवा शक्ति राष्ट्रको अमूल्य सम्पत्ति र विकासको मेरूदण्ड हो । देशमै केही गरौ भन्ने युवाहरूलाई रोजगारीका अवसरहरू सिर्जना गर्नु राज्यको मूख्य दायित्व हो । युवाहरूको श्रम र सीपलाई सदुपयोग गरी देशको विद्यमान वेरोजगारी समस्याको न्युनीकरण गर्दै देशलाई समृद्ध बनाउने उद्धेश्यले नेपाल सरकारले प्रशासकीय कार्यविधि नियमित गर्ने ऐन, २०१३ को दफा २ अनुसार वि.सं. २०६५ सालमा युवा तथा साना व्यवसायी स्वरोजगार कोषको स्थापना भएको हो । स्थापनाको समयमा अर्थ मन्त्रालयको मातहतमा सञ्चालित यो कोष आ.व. ७४/७५ देखि युवा तथा खेलकुद मन्त्रालयको मातहतमा रहदै आएको छ । कोष (संचालन) नियमावली, २०६५ खारेज भई हाल कोष (संचालन) नियमावली, २०७७ संचालनमा रहेको छ ।

कोषको कार्यक्षेत्र मुलुकभरिका बेरोजगार युवा तथा साना व्यवसायीहरूलाई समेट्ने गरी ७७ वटै जिल्लामा रहेको छ । स्थानीय रूपमा उपलब्ध स्रोत, साधन एवं जनशक्तिलाई आर्थिक गतिविधि र क्रियाकलापमा संलग्न गराई स्वदेशमै रोजगारीको सिर्जना, उत्पादनमा वृद्धि, बजारीकरणको समुचित व्यवस्थाद्वारा देशको आर्थिक विकासमा टेवा पुर्‍याउने हो । हाल देशभरका ७५ जिल्लामा अबस्थित बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूसँग कोषले कर्जा सम्झौता गरी उक्त कर्जा सम्झौता गरिएका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरु मार्फत वेरोजगार युवाहरूलाई लगानी गरी स्वरोजगार सिर्जना गरिरहेकोछ । कोषको लगानी तथा कार्यक्षेत्र हरेक वर्ष बिस्तार भइरहेको छ भने बेरोजगार युवाहरूसमेत कोषको सुलभ तथा सहुलियत कर्जा लिई उद्यम गर्न लालायित भएका छन् । दिनानुदिन श्रम बजारमा प्रवेश गर्ने श्रमशक्तिको संख्या बृद्धि भईरहेको, सरकारी तथा निजी क्षेत्रमा रोजगारीको अबसर तुलनात्मक रूपमा बिस्तार हुन नसकिरहेको बर्तमान अबस्थामा बृहत्तर रूपमा स्वरोजगारीका अवसरहरू सृजना गर्ने र स्वरोजगारीको माध्यमबाट लाखौं रोजगारीको अवसर सिर्जना गर्दै युवा वर्गमा बढ्दै भएको निराशाका बिच आशाको दियो बनेर कोषले आ.व. ८१/८२ सम्म १४ अर्ब १३ करोड ५८ लाख कर्जा लगानी गरी १ लाख ९ हजार ३ सय ४४ जना स्वरोजगार सिर्जना गरेको छ भने करिव १ लाख मौसमी रोजगार सृजना गरेको छ । वार्षिक श्रम बजारमा प्रबेश गर्ने

५ लाख युवामध्ये कम्तीमा १ लाख युवाहरूलाई वार्षिक रूपमा स्वरोजगार बनाई आत्मनिर्भर अर्थतन्त्रको माध्यमबाट राष्ट्रको आर्थिक विकास गर्न कोषलाई आवश्यक पर्ने साधन स्रोत जुटाईदिएमा सो कार्य पुरा गर्न कोष सक्षम छ । राज्यको निर्देशक सिद्धान्त एवम् नीतिले गरेको मार्गदर्शन, साह्रौं योजनाको आवधिक लक्ष्य एवम् रणनीति र आर्थिक वर्ष २०८१/८२ का लागि नेपाल सरकारको नीति तथा कार्यक्रम अनुरूप तर्जुमा गरिएको वार्षिक बजेट तथा कार्यक्रम कार्यान्वयन गरी कोषले हासिल गरेको प्रगति समावेश गरी यो प्रगति प्रतिवेदन प्रस्तुत गरिएको छ।

२. कोषको उद्देश्य :

देशमा ऐतिहासिक राजनीतिक परिवर्तनसँगै जनताको जीवनस्तरमा उल्लेख्य परिवर्तन आउन सकेको छैन । आम जनतामा आर्थिक परिबर्तनको समेत आकांक्षा बढेको तर आर्थिक योजना र कार्यक्रम अनुसार वित्तीय पहुँचको अभावमा दैनिक श्रमबजारमा आउने युवाहरू विदेश पलायन हुनपर्ने बाध्यकारी अवस्थालाई कम गर्दै आर्थिक रूपले विपन्न महिला, दलित, आदिवासी जनजाति, मधेसी, थारू, सीमान्तकृत, लोपोन्मुख, अल्पसंख्यक, मुस्लिम, अपाङ्गता भएका व्यक्ति, द्वन्द्व पीडित तथा पिछडिएको क्षेत्रका व्यक्ति वा समुदाय, गरीब किसान, मजदुर, सुकुम्बासी वा साना व्यवसायी एवं वेरोजगार युवाहरू तथा परम्परागत सीप भएका जात जातिहरूलाई व्यवसायिक खेती, पशुपंक्षीपालन, कृषिजन्य उद्योग वा सेवामुलक स्वरोजगार कार्यक्रम संचालन गर्न सहुलियत ब्याजदरमा प्रति व्यक्ति रू. दुई लाखसम्म आवधिक ऋण उपलब्ध गराई तिनीहरूको आय आर्जनमा बृद्धि गरी जीविकोपार्जनलाई सहज बनाउनु मूख्य उद्देश्य रहेको छ ।

समाजका सिमान्तकृत बर्गलाई पहिलो प्राथमिकतामा राखि स्वरोजगार बन्ने अवसर सृजना गर्न सुलभ कर्जा उपलब्ध गराउने, तालिम दिने तथा बजार श्रंखला/संजालमा समाबेश गराउने लगायतका समष्ठीगत उद्देश्य निर्धारणका लागि युवा तथा साना व्यवसायी स्वरोजगार कोषले तपसिलका उद्देश्यहरू प्राप्तीका लागि निरन्तर लागिरहेको छ ।

क) व्यवसायिक खेती तथा पशु, पंक्षी पालन, कृषि, वनजन्य तथा खानी उद्योग र बहुमूल्य पत्थर उद्योग लगायतका विषयमा तालिम प्रदान गर्ने,

ख) शहर र बजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा संचालन तथा प्लम्बिङ्ग सेवा र इलेक्ट्रोनिक्स सामानको मर्मत सम्भार जस्ता साना तथा घरेलु व्यवसाय एवम् पसल सञ्चालन लगायतका सेवामूलक स्वरोजगार कार्यक्रमको लागि ऋण उपलब्ध गराउने,

ग) परम्परागत सीप भएका सार्की, दमाई, धिमाल, राजवंशी लगायतलाई ऋण लगानी गर्ने,

घ) द्वन्द्व पिडित, अपाङ्ग, वा घाइते व्यक्ति, वेपत्ता तथा शहिद परिवार, उत्पीडित जाति, जनजाति र क्षेत्र तथा महिलालाई ऋण लगानी गर्ने,

ङ) स्वरोजगार कार्यक्रम संचालन गर्न चाहने बेरोजगारहरूलई तालिम प्रदान गर्ने,

च) स्थानीय कच्चा पदार्थ र शीपमुलक परियोजना र जुन क्षेत्रमा उत्पादन हुने हो सोही क्षेत्रमा खपत हुने परियोजनालाई विशेष प्राथमिकता दिने सम्बन्धी कार्य गर्ने,

छ) एक गाँउ एक उत्पादन सम्बन्धी परियोजनामा लगानी गर्ने कार्य गर्ने,

ज) बैंक, वित्तीय संस्था तथा सहकारी संस्थामार्फत युवा स्वरोजगार कार्यक्रममा लगानी गर्ने वातावरण बनाउन स्थानीयस्तरमा सहयोगी संस्थाहरूको संयन्त्र निर्माण गर्ने,

(झ) वैदेशिक रोजगारीबाट फर्केका युवाहरूलाई उनीहरूले सिकेको सीपको आधारमा कर्जा प्रवाह गर्ने ।

३. कोषको स्थापना, काम, कर्तव्य र अधिकार

- युवा तथा साना व्यवसायी स्वरोजगार कोष संचालन नियमावली, २०७७ मा कोषको स्थापना, कोषमा रहने रकम, कोषको रकम संचालन सम्वन्धि व्यवस्था रहेको छ ।

४. कोषको स्रोत रकम

- नेपाल सरकारबाट प्राप्त रकम,
- विदेशी सरकार वा अन्तर्राष्ट्रिय संघ, संस्थाबाट प्राप्त रकम वा सहयोग,
- कोषको चल तथा अचल सम्पत्तिको परिचालनबाट आर्जन भएको रकम,
- वित्तीय संस्थाबाट विपन्न वर्गमा लगानी गर्न निर्धारित रकम
- कोषले गरेको लगानीबाट प्राप्त रकम ।

५. कोषको कार्य :

- स्वरोजगार बन्न चाहने लक्षित समुदायका युवा तथा साना व्यावसायीलाई श्रम, सीप र उत्पादनमूलक कार्यमा लगाई स्थानीय स्रोत साधनको अधिकतम उपयोग गर्दै रोजगारीका अवसर सृजना गरी सामाजिक, सास्कृतिक, आर्थिक रूपान्तरण र विकास कार्यमा परिचालन गर्ने,
- लक्षित समुदायमा परम्परागत पेशा र सीप विकास तथा व्यवासय प्रवर्द्धनको लागि सहुलियत दरमा ऋण लगानी गर्ने,
- स्थानीय सीप र कच्चा पदार्थमा आधारित तथा स्थानीयस्तरमा उत्पादन हुने वस्तुको व्यवसायीकरणमा योगदान पुग्ने कार्यक्रम सञ्चालन गर्ने,
- नेपाल सरकारले पहिचान गरेको गरिब घरपरिवारलाई लक्षित गरेर कार्यक्रम सञ्चालन गर्ने,
- रोजगारी प्रबर्द्धन गर्ने व्यवसाय, सामूहिक कृषि तथा पशुपालन लागयतका निर्यातमूलक वा आयात प्रतिस्थापन गर्ने उत्पादनशिल व्यवसायमा लगानी गर्ने,
- बैदेशिक रोजगारीबाट फर्केका व्यक्तिले संचालन गर्ने साना व्यवसायका लागि ऋण लगानी गर्ने ।

६. कोषको प्रयोगः

- वित्तीय संस्था, सहकारी संस्था मार्फत स्वरोजगार बन्न चाहने लक्षित समुदायका युवा तथा साना व्यववायीलाई सहुलियत दरमा कर्जा उपलब्ध गराउन,
- कोषको स्वीकृत वार्षिक कार्यक्रम अनुसारको कार्यक्रम संचालन गर्न,
- ब्याज अनुदान, कर्जा व्यवस्थापन शुल्क, बीमा प्रिमियम शुल्क र कर्जा सुरक्षण शुल्क अनुदान स्वरूप उपलब्ध गराउन,
- कोषको उद्देश्य प्राप्तीका लागि समितिले गर्ने अन्य कार्य गर्ने वा गराउन ।

७. लगानीको श्रोत संकलन र प्रवाह



८. युवा तथा साना व्यवसायी स्वरोजगार कोष संचालन संचालक समिति

(क) युवा तथा खेलकुद मन्त्री वा राज्य मन्त्री	-अध्यक्ष
(ख) कोषको उपाध्यक्ष	-उपाध्यक्ष
(ग) उपाध्यक्ष, राष्ट्रिय युवा परिषद	-सदस्य
(घ) सदस्य, राष्ट्रिय योजना आयोग (युवा सम्बन्धी विषय हेर्ने)	-सदस्य
(ङ) गभर्नर, नेपाल राष्ट्र बैंक वा निजले तोकेको डिपुटी गर्भनर	-सदस्य
(च) सचिव, अर्थ मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत	-सदस्य
(छ) सचिव, गृह मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत	-सदस्य
(ज) सचिव, भूमी व्यवस्था, सहकारी तथा गरिवी निवारण मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत	-सदस्य
(झ) सचिव, श्रम रोजगार तथा समाजिक सुरक्षा मन्त्रालय वा निजले तोकेको कम्तीमा राजपत्रांकित प्रथम श्रेणीको अधिकृत	-सदस्य
(ञ) सचिव, युवा तथा खेलकुद मन्त्रालय	-सदस्य
(ट) अध्यक्ष, राष्ट्रिय बीमा प्राधिकरण	-सदस्य
(ठ) प्रतिनिधी, नेपाल उद्योग वाणिज्य महासंघ	-सदस्य
(ड) कार्यकारी-निर्देशक	सदस्य-सचिव

९. संचालक समितिको काम, कर्तव्य र अधिकार :

- कोषको लागि आवश्यक नीति निर्माण गर्ने,
- कोषको वार्षिक कार्यक्रम तथा बजेट स्वीकृत गर्ने,
- कोषको सञ्चालन र व्यवस्थापन गर्ने,
- कार्यक्रमको लागि प्रदान गरिने ऋण लगानीको आधार तयार गर्ने, ऋणको दर, कर्जा व्यवस्थापन शुल्क र व्याज अनुदान रकम निर्धारण गर्ने,
- कोष मार्फत् सञ्चालित कार्यक्रमको सुपरिवेक्षण, अनुगमन र मूल्याङ्कन गर्ने वा गराउने,

- वित्तीय संस्था तथा सहकारी संस्था वा अन्य निकायलाई कार्यक्रममा लगानी गर्ने वातावरण सिर्जना गर्न संघ, प्रदेश तथा स्थानीयस्तरमा आवश्यक संयन्त्र निर्माणका लागि सहजीकरण गर्ने,
- कोषका कार्यक्रमहरूको तर्जुमा, कर्जा लगानी तथा असूली, लगानीको बीमा, कार्यक्रमको मूल्याङ्कन, ब्याज अनुदान वितरण लगायतको कार्यमा स्थानीय समन्वय तथा अनुगमन समितिलाई परिचालन गर्ने वा गराउने,
- कोषको विनियमावली तयार गरी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,
- कोषको संगठन संरचना र कर्मचारीको दरबन्दी स्वीकृतिका लागि मन्त्रालयमा पेश गर्ने,
- बेरोजगार युवा जनशक्तिलाई उनिहरूको ज्ञान सीपको आधारमा स्वदेशमा रोजगारीको अवसर सृर्जना गर्नको लागि सम्बन्धित अभिमूखिकरण गर्ने संस्थासँग आवश्यक समन्वय र सहकार्य गर्ने,
- कोषको उद्देश्य प्राप्तीका लागि मन्त्रालयको पूर्व स्वीकृति लिई गैर सरकारी वा अन्तर्राष्ट्रिय संघ, संस्थासँग सहकार्य गर्ने,
- युवा, साना व्यवसायी वा लक्षित समुदायका व्यक्ति वा समूहलाई लक्षित गरी कार्यक्रम संचालन गर्न प्रदेश सरकार, स्थानीय तह तथा अन्य संघ संस्थासँग आवश्यक समन्वय र सहकार्य गर्ने,
- कार्यकारी निर्देशकलाई आवश्यक निर्देशन दिने ।

१०. कोष संचालन नियमावलीमा गरिएका महत्वपूर्ण व्यवस्था :

कोषले समितिले तोकेको सीमाभित्र रही वित्तीय संस्था वा सहकारी संस्था मार्फत लक्षित समुदायमा व्यवसायको लागि विना धितो सहुलियत कर्जा लगानी गर्नु पर्ने, कोषबाट ऋण प्राप्त गर्ने युवा व्यवसायी र व्यवसायको कोषले निशुल्क बीमा गरिदिने, कोषको रकम नतिर्ने ऋणीलाई कर्जा सूचना केन्द्रको कालो सूचिमा राख्न, निजको चल अचल सम्पत्ति रोक्का राख्न, नेपाल सरकारबाट प्रदान गरिने सेवा सुविधाबाट बञ्चित गर्न र प्रचलित कानून बमोजिम कारबाहीको लागि सम्बन्धित निकायमा अनुरोध गर्न सक्ने, कोषले आफ्नो कार्य सन्चालनको लागि आवश्यकता अनुसार उपसमिति र कार्यदल गठन गर्न सक्ने, कार्यविधिहरू बनाउन सक्ने, कोषको दैनिक प्रशासनिक संचालनको लागि आवश्यक पर्ने खर्च नेपाल सरकारले व्यहोर्ने, कोष संचालक समितिले कर्मचारी

प्रशासन विनियमावली र आर्थिक प्रशासन विनियमावली तयार गरी मन्त्रालयमा पेश गर्ने, कार्यकारी उपाध्यक्ष र कार्यकारी निर्देशकले अध्यक्षबाट सपथ लिनुपर्ने, कोषको आन्तरिक लेखा कोष तथा लेखा नियन्त्रक कार्यालयबाट र अन्तिम लेखा परिक्षण महालेखा परिक्षकको कार्यालयबाट हुने व्यवस्था नियमावलीमा रहेका महत्वपूर्ण व्यवस्थाहरू हुन् । कोषद्धारा संचालित कार्यक्रमको समन्वय तथा अनुगमनको लागि काम, कर्तव्य र अधिकार तोकी प्रत्येक स्थानीय तहमा एक स्थानीय तथा अनुगमन समन्वय समिति रहने प्रावधान राखिएको, कोष कार्यक्रमको प्रवर्द्धन, समन्वय, अनुगमन, ऋण असूली र सहजीकरण कार्य गर्नको लागि प्रत्येक स्थानीय तहमा कार्यरत रोजगार संयोजक स्वरोजगार सहजकर्ताको रूपमा रहने व्यवस्था गरिएको छ । त्यस्तै कोषले वर्षभरि गरेका काम कार्वाहीको वार्षिक प्रतिवेदन आर्थिक वर्ष समाप्त भएको चार महिना भित्र मन्त्रालयमा पेश गर्नुपर्ने, पारदर्शिता कायम गर्नुपर्ने र कार्यकारी निर्देशकले कार्यकारी उपाध्यक्षसंग कार्य सम्पादन करार गर्नुपर्ने व्यवस्था छ । कोषले सन्चालन गर्ने कार्यक्रम सम्बन्धमा प्रस्ताव पेश गर्न समय समयमा सन्चार माध्यमबाट सार्वजनिक सूचना निकालिने, कार्यक्रम सन्चालन गर्न चाहने वित्तीय संस्था तथा सहकारी संस्थाहरूले कोषले निर्धारण गरेको ढांचामा प्रस्ताव पेश गर्न सक्नेछन् ।

११. कोषको नियमावली र कार्यविधिमा व्यवस्था गरिएका अन्य समितिहरू

११ (क) स्थानीय समन्वय तथा अनुगमन समिति

सम्बन्धित स्थानीय तहको प्रमुख प्रशासकीय अधिकृत	– अध्यक्ष
उधमशीलतामा क्रियाशील युवामध्ये सम्बन्धित स्थानीय तहले तोकेको कम्तीमा एकजना महिला र दलितसहित तीनजना	–सदस्य
स्वरोजगार सहजकर्ता	–सदस्य सचिव

११ (ख) कर्जा असुली उप-समिति

प्रमुख जिल्ला अधिकारी वा निजले तोकेको अधिकृतस्तरको कर्मचारी	–संयोजक
जिल्ला समन्वय अधिकारी	–सदस्य
जिल्लामा युवा उद्यमीहरूमध्येवाट दुई जना	–सदस्य
कोषको सम्बन्धित जिल्लाको कर्जा असुली सहजकर्ता	–सदस्य-सचिव



१२. शाखाहरूको कार्यविवरण

प्रशासन शाखा

- कोषको सबै शाखासँग समन्वय गरी कोषमा आवश्यक पर्ने पानी, बत्ती, टेलिफोन, स्टेशनरी, कम्प्युटर तथा अन्य शाखाले माग गरेको विवरणहरु तुरून्त उपलब्ध गराउन शाखाका अन्य कर्मचारीहरूलाई तोक्ने कर्मचारीहरूको तलब भत्ता, हाजिर, बिदा, कर्मचारीहरूका व्यक्तिगत फाइल आदिको व्यवस्था मिलाई कोषको सम्पत्तिको विवरण चुस्त दुरूस्त राख्ने कर्मचारी तथा कार्यालय प्रशासनसम्बन्धी सम्पूर्ण कार्य गर्ने र सम्पर्क, समन्वय र परिचालनसम्बन्धी कार्य गर्ने ।
- कर्मचारीहरूको बिदा, सिफारिस तथा स्वीकृत गर्ने,
- कोषको स्वीकृत कार्यक्रम अनुसार खरिद योजना बनाई नियमानुसारको प्रक्रिया पु¥याई खरिद गर्ने,
- अत्यावश्यक काममा कुनै पनि कर्मचारी कार्यालय बाहिर जाँदा सम्बन्धित शाखाको सिफारिसमा कर्मचारी लगबुक स्वीकृत गर्ने,
- कर्मचारी तलब भत्ताका लागि हाजिर प्रमाणित गरी पेश गर्ने,
- शाखाको काम कार्बाही गर्दा आवश्यक टिप्पणी पेश गर्ने,
- माग फारामहरु सिफारिस गर्ने तथा भण्डारणमा रहेका स्टेशनरी समानहरु स्वीकृत गर्ने,
- कर्मचारीहरूको अनुगमन, निरीक्षण, हाजिरी चेकजाँच, कार्यकारी निर्देशकलाई जानकारी दिई छड्के आदि गर्ने र तदनुरूप पुरस्कार वा कार्बाहीको सिफारिस गर्ने,
- प्रशासन शाखाबाट तयार गर्ने पत्रहरूमा दस्तखत गर्ने, सिफारिस गर्ने,
- सवारी साधानको व्यवस्थापन गरी तथा रेकर्ड राख्ने,
- सुरक्षा गार्डको कामको मूल्याङ्कन गर्दै कोषको कामको आधारमा जबाफदेही बनाउने,
- खर्चको बिल भरपाई चेकजाँच गर्ने, भुक्तानीका लागि सिफारिस गर्ने,
- समग्रमा मानवीय संशोधन व्यवस्थापकको भूमिका निर्वाह गर्ने,
- सञ्चालक समितिको बैठक, उपाध्यक्ष तथा कार्यकारी निर्देशकको संयोजकत्वमा बस्ने बैठकका लागि आवश्यक पत्राचार आदिमा सक्रियतापूर्वक कार्य गर्ने,
- आफ्नो शाखाअन्तर्गत रहेका कर्मचारीहरूलाई TOR दिई काममा लगाउने र कार्य सम्पादन मुल्यांकन सिफारिस गर्ने,

- भण्डारणको व्यवस्था, सोधपूछ कक्ष, सवारी चालक र कार्यालय सहयोगीलाई आवश्यकता अनुसार काममा खटाउने र कार्यकारी निर्देशकलाई जानकारी गराउने ।

तालिम शाखा

- तालिमको आवश्यकता पहिचान, सम्भावना, तालिम सम्बन्धी बार्षिक कार्ययोजना, बजेट तर्जुमा र कार्यान्वयन कार्ययोजना गर्ने,
- कोष अर्न्तगत सञ्चालन हुने विभिन्न प्रकारका तालिमहरू (अनुशिक्षण, अभिमुखीकरण, सीपमुलक, क्षमता अभिवृद्धि तालिम र कर्मचारी क्षमता अभिवृद्धि तालिम आदि) सञ्चालन गर्ने,
- कोष अन्तर्गत प्रदेश र स्थानीय तहमा सञ्चालन हुने विभिन्न प्रकारका तालिमहरू सम्पन्न गर्न योजना तर्जुमा तथा समन्वय गर्ने र कार्यान्वयन गर्ने/गराउने,
- कोषले तोकेअनुसार बैंक/बित्तीय/सहकारी संस्थाहरू र अन्य संघ/संस्थाहरूबाट तालिम माग भई आएमा सिफारिस स्वीकृत भएका तालिमहरू सञ्चाालन गर्न समन्वय, सहकार्य वा अनुगमन गर्ने,
- कोषले तालिम सञ्चालन गर्न आवश्यकता अनुसार अन्य संघ/संस्थाहरूसँग समन्वय गर्ने/गराउने ।

कार्यक्रम शाखा

- कोषको वार्षिक बजेट तयार गर्ने, बजेटको बारेमा व्यवस्थापन र मन्त्रालयसँग समन्वय गर्ने,
- आर्थिक वर्ष समाप्त भएको १ महिना भित्र वार्षिक प्रतिवेदन तयार गर्ने,
- ऋण लगानीको लागि प्रस्ताव आह्वान गर्ने, आवश्यकताअनुसार प्रदेशसँग समन्वय गर्ने,
- प्राप्त प्रस्तावहरूको आवश्यक अध्ययन, विश्लेषण गरी व्यवस्थापन समक्ष पेश गर्ने,
- प्रस्ताव स्वीकृत भएका फाइलहरु व्यवस्थित र सुरक्षित गर्ने,
- अन्य शाखासँग समन्वय गरी मासिक रूपमा Cumulative प्रगति प्रतिवेदन तयार गर्ने,
- बजेट रकमान्तर गर्न लेखा शाखासँग समन्वय गर्ने,
- लगानीसम्बन्धी फारामहरु, मापदण्डहरु तयारी, परिमार्जन एवम् पुनरावलोकन गर्ने ।

सूचना प्रविधि तथा अनुसन्धान शाखा

- कोषको अनुसन्धान, प्रकाशन, गोष्ठी, अन्तर्क्रिया तथा प्रवर्द्धनसम्बन्धी वार्षिक कार्यतालिका बनाउने,
- बृहत रूपमा स्वरोजगारका अवसर सिर्जना हुने क्षेत्रको पहिचान गर्ने, अध्ययन, अनुसन्धान गर्ने,
- कोषको प्रवर्द्धनका लागि अन्य कार्यहरु गर्ने,
- कोषको प्रभावकारितासम्बन्धी अध्ययन, अनुसन्धान गर्ने,
- सूचना प्रविधिलाई चुस्त दुरूस्त पार्ने,
- आवश्यकताअनुसार कोषको सूचना प्रवाह गर्ने,
- कोषले विगतमा गरेको अनुसन्धान प्रतिवेदनहरु अध्ययन गर्ने,
- कोषको बुलेटिनलगायत अन्य प्रकाशन तयार गर्ने,
- व्यवस्थापनले तोकेको विभिन्न उपसमितिमा बसेर कार्य सम्पन्न गर्ने,
- कम्प्युटर, ल्यापटप, टेलिफोन, इमेल, इन्टरनेट, वेभसाइड, सर्भर चुस्त दुरूस्त राख्ने,
- कोषलाई सूचना आदान प्रदानको हिसाबले प्रविधिमैत्री बनाउने,
- कोषमा माग हुने सूचना प्रदान गर्ने ।

बीमा शाखा

- यस कोषबाट सम्झौता भई कर्जा लगानी भएका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट सञ्चालित कोषको कर्जा कार्यक्रममा सहभागी व्यवसायी र निजले सञ्चालन गर्ने व्यवसाय/सम्पत्तिको समयमै बीमा गर्न आवश्यक व्यवस्था मिलाउने,
- कर्जा प्रवाह भएको रकमका साथै कर्जा लिने व्यक्तिको समयमा बीमा भए नभएको यकिन गरी आवश्यक रेकर्ड अद्यावधिक राख्ने व्यवस्था मिलाउने,
- बीमा दाबीसम्बन्धी परेका दाबीहरूको सम्बन्धित बीमा कम्पनीसँग समन्वय गरी समयमै क्षतिपूर्ति दिलाउन कारवाही गर्ने, दावी रेकर्ड राख्ने व्यवस्था गर्ने गराउने,
- बीमा सम्बन्धी आवश्यक अनुशिक्षण पुस्तिका तयार गरी लक्षित वर्ग/स्वयंसेवक तथा कोषको अन्य शाखा, सहकारीहरूलाई युवा स्वरोजगार बीमालेखबारे अभिमुखीकरण, अनुशिक्षण तालिम/अन्तरक्रिया कार्यक्रम बनाई कोषबाट स्वीकृत गराई सञ्चालन गर्ने/गराउने,
- बिभिन्न जिल्लास्थित कोषका कर्जा असुली उपसमितिसँग सम्पर्क राखी बीमा दाबी सम्बन्धमा केकसो कार्य भएको छ भन्ने जानकारी लिने र आवश्यकता अनुसार निर्देशन/परिपत्र गर्ने,

- बीमासम्बन्धी आएका नीतिगत तथा कार्यगत समस्याहरूको पहिचान गरी समाधानको उपायहरु उल्लेख गरी व्यवस्थापनलाई बुझाउने,
- बीमालेखको सकल प्रति सम्बन्धित बिमित बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई उपलब्ध भए नभएको यकिन गर्ने र उपलब्ध गराउनेतर्फ पहल गर्ने । अनलाइन बीमा फारम भर्ने व्यवस्था मिलाउने,
- बीमा दाबी फछ्र्यौट भएकाहरूको दावी भुक्तानी तथा कर्जा हिसाब फरफारकको रेकर्ड अद्यावधिक राख्ने व्यवस्था गर्ने,
- झुट्ठा तथा गलत दावी गर्ने व्यक्ति/संस्थाहरूलाई आवश्यक कारर्बाही गर्न सिफारिस गर्ने,
- बीमासम्बन्धी काम व्यवस्थित गर्न अन्य शाखासँग समन्वय गर्ने,
- कोषका कर्मचारी तथा सहजकर्ताहरूको बीमाको व्यवस्था, बीमा दाबीका लागि आवश्यक कार्य गर्ने ।

अनुगमन शाखा

- युवा स्वरोजगार कर्जा लगानीका लागि प्रदेशबाट सिफारिस भई आएका प्रस्ताव तथा आवेदनहरूको मूल्याङ्कन गर्ने,
- कर्जा आवेदन प्रस्तावहरूको अध्ययन गर्ने र विवरण तयार गर्ने,
- कोषको लक्ष्य, उद्देश्यअनुरूप कर्जा लगानी पूर्व तथा लगानी गरिसकेपछि कर्जा सदुपयोगिताको बारेमा सुपरीवेक्षण गर्ने,
- प्रादेशिक कार्यालयले तर्जुमा गरेका तालिम, अनुसन्धान तथा कार्यक्रमको निरीक्षण तथा स्थलगत अनुगमन गर्ने,
- लक्षित वर्गमा प्रवाह भएको कर्जा सदुपयोग भए नभएको पहिचान गर्ने तथा अनुगमनको क्रममा व्यवस्थापनलाई आवश्यक पृष्ठपोषण (feedback) दिने,
- आवश्यकता अनुसार आफ्नो कार्यक्षेत्र भित्रको अनुगमन योजना तयार गर्ने,
- बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई कर्जा प्रवाह गर्नुपूर्व उक्त संस्थाको निरीक्षण तथा अनुगमन गरी वित्तीय अवस्था र सक्षमताको अध्ययन गर्ने,
- कर्जा प्रवाह भएपछि सहकारीले सम्झौताअनुसार लगानी गरे नगरेको सुपरिवेक्षण गर्ने,
- बैंक, वित्तीय संस्था, सहकारी संस्था तथा कर्जाग्राहीले भुक्तानी तालिका अनुसार नियमित साँवा, व्याज वुझाए नवुझाएको अनुगमन गर्ने, यदि नबुझाएको भएमा बुझाउनका लागि उत्प्रेरित गर्ने,

- कर्जा दुरूपयोग गर्ने संस्था वा व्यक्तिलाई आवश्यक कानुनी कार्बाही गर्न कार्यालय प्रमुखलाई सिफारिस गर्ने,
- आवश्यकता अनुसार आफ्नो कार्यक्षेत्र भित्रको अनुगमन योजना प्रादेशिक कार्यालयसँग लिने,
- सुपरीवेक्षण गर्दा कोषको लक्ष्य, उद्देश्य, विधि र प्रक्रियालाई अक्षरस पालना गर्ने,
- कार्यालयले दिएको अन्य जिम्मेवारी पूरा गर्ने ।

कानुन शाखा

- कोषलाई आईपर्ने सम्पूर्ण कानुनी समस्याको समाधान गर्ने, गराउने,
- कोषको विरूद्धमा पर्ने मुद्दा, मामिला, निवेदन, पुनरावेदन, रिट निवेदनमा कोषका तर्फबाट सम्बन्धित अड्डा अदालतमा लिखित जबाफ, प्रतिउत्तर फिराउने र कोषको तर्फबाट निवेदन, पुनरावेदन र रिट निवेदन तयार गर्ने,
- कोषसँग सरोकार राख्ने जुनसुकै मुद्दा, मामिलाहरूमा कोषको तर्फबाट जिल्ला अदालत, उच्च अदालत र सर्बोच्च अदालत एवम् नेपाल राज्यभरि जुनसुकै अड्डा अदालतमा उपस्थित भई बहस पैरवी गर्ने र प्रतिवादन गर्ने,
- अख्तियार दुरूपयोग अनुसन्धान आयोग, राष्ट्रिय सतर्कता केन्द्र, राष्ट्रिय सूचना आयोग, प्रधानमन्त्री तथा मन्त्रीपरिषदको कार्यालय तथा विभिन्न एवम् अन्य निकाय तथा व्यक्तिबाट प्राप्त चिठीपत्र र उजुरीको सम्बन्धमा अध्ययन गरी सोको लिखित जबाफ फिराउने,
- कोषको कानुन शाखाका अतिरिक्त विशेष कामहरूमा जस्तो कोषको कर्जा लगानी भएका बैक, वित्तीय संस्था र सहकारी संस्थाहरूमा लगानी भएको रकम दुरूपयोग भएमा त्यस्तो दुरूपयोग भएको रकमको सदुपयोगिताको लागि जिल्लामा गई रकम असुला उपर गराउने, कानुनी कारर्बाही चलाउने,
- कोषको लगानीको बेलाबेलामा विभिन्न जिल्लामा गई अनुगमन निरीक्षण गर्ने,
- कोषको दैनिक प्रशासकीय कार्यमा कानुनी राय, सल्लाह प्रदान गर्ने,
- कानुन शाखाले गरेका कामहरूको अभिलेख राख्ने,
- कोषको शाखाहरु, जिल्लास्थितका कर्जा असुली उप समिति, जि.प्र.का. एवम् अन्य निकायमा आवश्यकता अनुसार समन्वय गर्ने,
- कोषको आर्थिक विनियमावली, विभिन्न निर्देशिकाको मस्यौदा र कार्यविधिको मस्यौदा तयार गर्ने,

- सम्बन्धित ऋणीको अचल सम्पत्ति रोक्का, फुकुवा, लिलाम तथा लिलाम सकार्नेसम्बन्धी कार्यविधि तयार गर्ने,
- ऋण लगानी असुलीसम्बन्धी अन्य ऐन, कानुनको अध्ययन गरी कोषमा भएका ऐन कानुनको परिमार्जन गर्ने ।

असुली शाखा

- कोषबाट लगानी भएका सबै कर्जाग्राहीहरु बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई समयमै किस्ता र ब्याज बुझाउन फोन सम्पर्क, पत्राचार गर्ने, स्थलगत ताकेताका लागि कार्ययोजना बनाई असुली टोली खटाउने,
- आवश्यक देखिएमा कर्जाग्राहीको स्थलगत ताकेतामा जाने,
- असुली हुन गाह्रो भएको स्थानमा कुन 'रणनीति' अवलम्बन गर्नु पर्दछ, व्यवस्थापनसमक्ष राय पेश गर्ने,
- कर्जाग्राहीलाई साँवा ब्याज समयमा नै बुझाउन ताकेता गर्ने, सम्पर्क निरन्तर कायम गर्ने,
- भाखा नाघेको ऋण न्यूनीकरण गर्दै जाने,
- अग्रिम किस्ताको जानकारी तथा ताकेतासम्बन्धी पत्राचार गर्ने/गर्न लगाउने,
- असुलीसम्बन्धी विशेष कार्बाही गर्नुपर्ने भएमा, असुली फाँट (शाखा)को छलफल र सिफारिसमा 'कानुन' शाखामा पत्राचार गर्ने,
- सम्बन्धित ऋणीको धितो मूल्याङ्कन गर्ने व्यवस्था मिलाउने,
- लगानी, असुली, ब्याजदर, जरिवाना लगायतका विषयमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय मान्यतासमेत अध्ययन गरी कोषको लगानी असुली प्रक्रियालाई व्यवस्थित गराउने,
- कार्यकारी उपाध्यक्षज्यू तथा कार्यकारी निर्देशकज्यूले लगाएको/अह्राएको कोषको सम्पूर्ण कार्यहरु सम्पादन गर्ने ।

वित्त व्यवस्थापन शाखा

- कोषमा विभिन्न बैक तथा वित्तीय संस्थाबाट प्राप्त विपन्नवर्ग कर्जाको विवरण अद्यावधिक गर्ने/गराउने,
- लेखा परीक्षणका लागि वित्तीय विवरण तयार गरी लेखा परीक्षण गराउने,
- कोषका विभिन्न बैकहरूको खातामा रहेको रकमको मौज्दात तथा ब्याज यकिन गरी सोको आम्दानी विवरण बनाई प्रत्येक १५ दिनमा प्रगति विवरण पेश गर्ने,
- कोषका खाताहरु यकिन गरी राख्ने,
- कोषले लगानी गरेका सम्पूर्ण खाताहरूको लगानी, असुली प्रष्ट देखिने गरी प्रादेशिक रूपमा लगानी तथा असुली विवरण तयार गर्ने,
- समयमा किस्ता नबुझाउने बैक तथा वित्तीय संस्था र सहकारी संस्थाहरूलाई तरताकेता गरी समयमा नै असुलउपर गराउने,
- आम्दानी, खर्च, मौज्दातको प्रत्येक चौमासिक विवरण तयार गर्ने,
- प्रत्येक बैकहरूको Reconcilation विवरण तयार गरी हिसाब चुस्त दुरुस्त राख्ने,
- असुली तालिका तयार गरी प्रत्येक बैक, वित्तीय संस्था तथा सहकारी संस्थालाई उपलब्ध गराउने, सोहीअनुसार असुली गर्ने व्यवस्थाका लागि असुली शाखासँग समन्वय गर्ने,
- कोषमा रहेको फण्डको अधिकतम सदुपयोग हुने गरी रकम परिचालनको कार्य योजना बनाई व्यवस्थापनसमक्ष पेश गर्ने,
- वित्तीय व्यवस्थापन कार्य समयानुसार प्रविधिमैत्री बनाउन व्यवस्थापनलाई सहयोग गर्ने,
- कोषका आवधिक वित्तीय विवरण (वार्षिक, चौमासिक, मासिक) तयार गर्ने,
- वित्त शाखामा आवश्यक पर्ने सफ्टवेयरसम्बन्धी सुझाव तयार गर्ने । सञ्चालनमा रहेको सफ्टवेयरको स्तरोन्नति गर्न सुझाव दिने,
- कोषलाई आइपर्ने तहलगायतका क्षेत्रमा परामर्श दिने,
- साझेदार संस्थासँग सम्पन्न गरिने वित्तीय सम्झौताका बारेमा सुझाव दिने,
- वित्त सम्बन्धी भौतिक फाइलहरु व्यवस्थित गर्ने,
- कोषको कारोवारलाई पूर्ण रूपमा कम्प्युटराइज गर्ने, कारोवारलाई सफ्टवेयरमा पोष्टिङ्ग गर्ने,
- भाखा नाघेको ऋण यकिन गर्ने,
- लगानी रकमको साँवा, ब्याज भाका ननाघ्दै असुलीको लागि ताकेता गर्ने,
- वित्त शाखाबाट गर्नुपर्ने अन्य कार्यहरु गर्ने ।

लेखा शाखा

- कार्यालय सञ्चालन बजेट सञ्चालन गर्ने, लेखा राख्ने,
- बेरूजू सिर्जना हुनबाट रोक्ने, बेरूजू फछ्र्यौट गर्ने,
- कर्मचारी, सहजकर्ताहरूलाई पेश्की दिने, फछ्र्यौट गराउने, तलब खुवाउने,
- लेखा व्यवस्थापनलाई प्रविधिमैत्री बनाउने,
- समय समयमा परिवर्तन हुने ऐन कानुन नियमसम्बन्धी व्यवस्थापनलाई सुझाव, सल्लाह दिने, प्रादेशिक कार्यालयको लेखा व्यवस्थित गर्ने,
- कोषको नगद तथा जिन्सीको उचित संरक्षण गर्ने, आवश्यक लेखा, स्टोर व्यवस्थित राख्ने,
- कोष केन्द्रीय कार्यालयसँग निरन्तर सम्पर्कमा बसी केन्द्रीय कार्यालयवाट प्राप्त निर्देशन कार्यन्वयन गर्ने,गराउने,
- आफ्नो क्षेत्रअन्तर्गतका कोषबाट कर्जा लाने बैंक, वित्तीय तथा सहकारी संस्थाको अनुगमन, निरीक्षण गरी कर्जा असुली गर्ने र दुरूपयोग गर्ने संस्था तथा व्यक्तिलाई कार्बाही गर्ने,
- प्रदेश कार्यालयको लेखा व्यवस्थित गर्ने, अद्यावधिक वित्तीय विवरण तयार गरी लेखा परीक्षण गराउने ।

१३. कोषबाट प्रदान गरिने सेवाहरू :

स्वरोजगार कर्जा लगानी कार्यक्रम

आर्थिकरूपले विपन्न महिला, दलित, जनजाति, मधेसी, थारू, सीमान्तकृत, लोपोन्मुख, अल्पसङ्ख्यक, मुस्लिम समुदाय, अपाङ्गता भएका, द्वन्द्वपीडित तथा पिछडिएको क्षेत्रका १८ वर्ष पूरा भई ६० वर्ष ननाघेका बेरोजगार व्यक्ति वा समुदायलाई निम्न व्यवसायहरूमा विनाधितो कर्जा लगानी गर्ने ।

- व्यावसायिक खेती तथा पशुपक्षी पालन, कृषि तथा वनजन्य उद्योग, घरेलु तथा साना उद्योग तथा अन्य व्यापार व्यवसाय,
- शहर र बजार क्षेत्रमा रिक्सा, ठेलागाडा सेवा सञ्चालन लगायतका सेवामूलक स्वरोजगार व्यवसाय,
- परम्परागत सीपसँग सम्बन्धित व्यवसाय,
- घर वास (Home Stay) सम्बन्धी व्यवसाय,
- स्थानीय कच्चा पदार्थ प्रयोग गरी सञ्चालन गरिने व्यवसाय,

तालिम

- परम्परागत सीप भएका व्यक्तिले गर्ने व्यवसायको लागि तालिमको प्रमाण-पत्र आवश्यक पर्ने छैन । ऋण दिने बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले ऋण लगानी गर्दा सम्बन्धित ऋणीले व्यवसाय गर्न सक्ने वा नसक्ने यकिन गरी ऋण प्रदान गर्नेछ ।
- संस्थासँग कर्जा सम्झौता पूर्व कोषले संस्थाको अध्यक्ष र व्यवस्थापकलाई अनुशिक्षण तालिम प्रदान गर्नेछ ।
- संस्थाले ऋण लगानी गर्नु पूर्व सम्भावित ऋणीलाई ऋण सदुपयोग सम्बन्धी कोषले अभिमुखीकरण तालिम उपलब्ध गराउने छ ।
- व्यवसायीहरूले व्यवसाय सञ्चालनको लागि ऋण लिनु अगावै र पछि पनि कोषको तर्फबाट सीपमूलक तालिम निशुल्क प्राप्त गर्न सक्नेछन् ।

व्यवसायी तथा व्यवसाय बीमा

- स्वरोजगार कर्जा लिई सञ्चालन गरेको व्यवसाय र व्यावसायिको बीमा हुनेछ । बीमाको प्रिमियम नेपाल सरकारले भुक्तानी गरिदिने छ । बीमा गर्नका लागि बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाले राष्ट्रिय बीमा कं. लि.मा प्रस्ताव पठाई पोलिसी लिनुपर्ने छ । ऋणको भाखा अवधिभित्र ऋणीको मृत्यु भएमा वा स्थायी रूपमा अपाङ्ग भएमा र भवितव्य परी परियोजनाको नोक्सान भएमा परियोजनाको बीमाअनुसारको रकम बीमा कम्पनीले क्षतिपूर्ति दिनेछ । बीमा दावी गर्नका लागि घटना घटेपछि नियमानुसारका दिनभित्र जिल्लास्थितको समितिबाट सिफारिस गराई सम्बन्धित सहकारी संस्थाले बीमा कम्पनीमा आवश्यक कागजातहरु पेश गर्नु पर्नेछ ।

व्याज अनुदान

- कोषले बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई वार्षिक ४ प्रतिशत ब्याजदरमा थोक कर्जा प्रदान गर्दछ र बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूले बेरोजगार युवाहरूलाई वार्षिक ८ प्रतिशत ब्याजदरमा नबढ्ने गरी कर्जा लगानी गर्नेछन् । संस्था र कर्जाग्राही बीच भएको सम्झौता अनुसार कर्जाग्राहीले किस्ता चुक्ता गरेपछि बुझाएको ब्याजको साठी (६०) प्रतिशतले हुन आउने रकम कोषले सम्बन्धित ऋणीलाई अनुदान स्वरूप फिर्ता दिइनेछ ।

कर्जा व्यवस्थापन शुल्क

- कोषको सहुलियतपुर्ण कर्जा लिइएका बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूले युवाहरूलाई कर्जा प्रदान गरी कर्जा नियमित भएको एक वर्षपछि कोषले प्रति युवा लगानीमा रू.५००/- (

अक्षरेपी पाँच सय मात्र) कर्जा व्यवस्थापन शुल्कः वापत सहकारी संस्थालाई उपलब्ध गराउने छ । संस्थाले ऋणीहरूसँग कुनै प्रकारको अन्य शुल्कहरु लिन नपाइने व्यवस्था छ ।

१४. नेपालमा रोजगारीको अवस्था र सोह्रौं योजनाको लक्ष्य :

सोह्रौं योजनामा आन्तरिक रोजगारीको अवसर सिर्जना गर्न सरकारद्धारा संचालित युवा स्वरोजगार कोष र प्रधानमन्त्री रोजगार कार्यक्रम जस्ता लक्षित कार्यक्रमहरू प्रदेश र स्थानीय तह रोजगार कार्यक्रमहरूमा अन्तर-आवद्धता कायम गर्नुपर्ने उल्लेख गरिएको छ । यस योजनमा रोजगारी सम्बन्धी विषयलाई रणनीतिक महत्वका विषयका रूपमा समष्टिगत आर्थिक नीति, मौद्रिक तथा वित्तीय नीति एवं विभिन्न क्षेत्रगत तहमा प्राथमिकता सहित मूल प्रवाहीकरण गर्ने, रोजगार अभियान संचालन गर्ने, रोजगारीका क्षेत्रको पहिचान गर्ने, सरकारी, गैरसरकारी, सहकारी र निजी क्षेत्रको सहकार्यमा उत्पादनमूलक क्रियाकलापको विस्तार गर्न आवश्यक नीतिगत समन्वय कायम गर्ने, स्थानीय विकास निर्माणमा स्थानीयस्तरमा नै रोजगारी सिर्जना गर्ने र श्रम परिचालन गर्ने मोडेल विकास गर्ने, बेरोजगार जनशक्तिको पहिचान, सशक्तीकरण र सकारात्मक विभेद मार्फत समावेशी रोजगारी प्रवर्द्धन गर्ने, आन्तरि(क श्रम बजारको विश्लेषणको आधारमा स्वदेशी श्रमिकको क्षमता र दक्षता विकास मार्फत आप्रवासी कामदारको प्रतिस्थापन र आन्तरिक श्रम बजारमा स्वदेशी श्रमिकलाई रोजगारी सुनिश्चित गर्ने, एकीकृत रोजगार व्यवस्थापन सूचना प्रणालीलाई कार्यान्वयनमा ल्याउने, ग्रामिण उद्यमशीलता र स्वरोजगारी प्रवर्द्धनका लागि निजी क्षेत्रको विकास गर्ने, उद्यमशीलताको विकास गरी युवा लक्षित स्वरोजगारका अवसर प्रवर्द्धन गर्ने र सूचना प्रविधिलाई रोजगारीको प्रमुख क्षेत्रको रूपमा विकास गर्ने रूपान्तकारी रणनीति तय गरिने उल्लेख छ । यस योजनामा रोजगारी बढ्ने गरी कार्यक्रमहरूको डिजाइन गर्ने, स्वरोजगार प्रवर्द्धन एवं रोजगारी सम्बन्धी एकीकृत तथ्यांक र स्वचालित श्रम विनिमयका लागि राष्ट्रिय रोजगार व्यवस्थापन सूचना प्रणालीको विकास गर्ने, समावेशी रोजगारी प्रवर्द्धन गर्ने, जनशक्तिमा स्वदेशी आत्मनिर्भरता र व्यवसायीकता वृद्धि गर्ने, रोजगारदाता प्रोत्साहन कार्यक्रम संचालन गर्ने, परम्परागत सीप, कला तथा पेशालाई संरक्षण तथा व्यवसायीकरण गर्ने, सबै तहको शैक्षिक पाठ्यक्रमलाई रोजगारमूखी बनाउन सैद्धान्तिक तथा व्यवहारिक विषय वस्तु समावेश गरी पाठ्यक्रम परिमार्जन गर्ने, छोटो अवधिका रोजगार उन्मुख सीप विकास तालिम संचालन गर्ने, सिक्दै कमाउंदै गर्न कार्यस्थलमा आधारित तालिम संचालन

गर्ने, राष्ट्र निर्माणमा युवा परिचालन गर्ने जस्ता कार्यक्रमहरू संचालन गरिने उल्लेख छ । यस योजनामा उल्लेखित तथ्यांक अनुसार आ.व. ०७९।८० सम्ममा रोजगारीमा महिला र पुरूषको सहभागिता अनुपात १:१.७ र वेरोजगारी दर ११.४ प्रतिशत रहेकोमा आ.व. ०८५।८६ सम्ममा क्रमशः १:१.२ अनुपात र ५ प्रतिशतमा झार्ने लक्ष्य लिइएको छ । आ.व ०७९।८० सम्ममा रोजगारीमा औपचारिक क्षेत्रको हिस्सा ३६.५ प्रतिशत र अनौपचारिक क्षेत्रको हिस्सा ६२.२ प्रतिशत रहेकोमा आ.व. ०८५।८६ सम्ममा क्रमशः ५० र ४० प्रतिशत पुरयाउने लक्ष्य लिइएको छ । वार्षिक रोजगारीको संख्या आ.व. ०७९।८० मा ९ लाख ३१ हजार रहेकोमा आ.व. ०८५।८६ मा १५ लाख पुरयाउने लक्ष्य राखिएको छ । त्यस्तै आ.व. ०७९।८० मा वार्षिक छोटो अवधिको रोजगार उन्मुख व्यवसायिक सीपमूलक तालीम लिने जनसंख्या १९ हजार ६ सय र सूचीकृत बेरोजगार मध्ये रोजगार सहायता कार्यक्रमबाट रोजगारी पाउने व्यक्ति ९१ हजार ६ सय रहेकोमा आ.व. ०८५।८६ मा क्रमशः ८५ हजार र २ लाख पुरयाउने लक्ष्य लिइएको छ । सोह्रौं योजनाको आ.व. ०८५।८६ सम्ममा स्वरोजगार युवाको संख्या १ लाख ९ हजारबाट १० लाख पुरयाउने लक्ष्य लिइएको छ ।

१५. जनशक्ति विवरण :

क्र.सं.	स्वीकृत दरबन्दी	पदपूर्ति	रिक्त	फाजिल
१	६९	४९	२०	०

१६. हाल कोषमा कार्यरत कर्मचारीहरूको दरबन्दीको अवस्था

क्र.सं.	स्वीकृत दरबन्दी अनुसारको पद	कार्यरत कर्मचारी सङ्ख्या	कैफियत
१	उपाध्यक्ष - म.प.बाट भएको निर्णयानुसार		
२	कार्यकारी निर्देशक - अधिकृत प्रथम	१	
३	शाखा प्रमुख - अधिकृत द्वितीय	५	लेखा शाखा प्रमुख नेपाल सरकार म.ले.नि.का बाट पठाइने
४	असुली विशेषज्ञ - अधिकृत द्वितीय	२	

५	शाखा प्रमुख - अधिकृत तृतीय	१	
६	सूचना प्रविधि विज्ञ - अधिकृत तृतीय	१	
७	शाखा अधिकृत - अधिकृत तृतीय	११	
८	सहायक प्रथम, कम्प्युटर अपरेटर	१७	
९	सहायक द्वितीय	३	
१०	कार्यालय सहयोगी, सवारी चालक	८	
	जम्मा	४९	

१७. कोषबाट आ.व. ०८१/८२ मा सम्पन्न भएका कार्यहरू

कर्जा लगानी

- बेरोजगार युवाहरूलाई सहुलियत ब्याजदरमा कर्जा लगानी गरी स्वरोजगारी सृजना गर्नु कोषको मुख्य कार्यक्रम हो । कोषले स्थापनाकालदेखि आ.व. २०८१।८२ को असार मसान्तसम्ममा देशभरका ४० वटा बैंक तथा वित्तीय संस्थाहरूबाट र २६५० वटा सहकारी संस्था गरी करिव २६९० वटा संस्थाहरूबाट रू. १४,१३,५८,३५,०००/- कर्जा लगानी गरी १,०९,३३९ जना वेरोजगार युवाहरूलाई स्वरोजगार बनाएको छ भने करिब १ लाख मौसमी रोजगारी सृजना भएको छ ।
- यस आ.ब.मा कोषमा उपाध्यक्ष पद रिक्त रहेकोले गर्दा कर्जा लगानी सम्वन्धि कार्य सम्पन्न हुन सकेन । मिति २०८२/०२/२३ गते कोषबाट कर्जा लिन चाहने सहकारी संस्थाहरूलाई कर्जा मागका लागि सूचना प्रकाशित गरी प्रस्ताव पेश गर्नका लागि आव्हान गरिएको छ ।

संस्थाहरूको स्थलगत अनुगमन :

- कोषसंग थोक कर्जा मागको लागि प्रस्ताव पेश भएका सहकारी संस्थाहरूको कर्जा लगानी गर्नुपूर्व स्थलगत अनुगमन तथा निरिक्षण गर्नुपर्ने व्यवस्था रहको छ । अनुगमन पश्चात मापदण्ड पुरा गरेका सहकारी संस्थालाई कर्जा सम्झौता गरी लगानी गर्ने गरिन्छ । त्यसै गरी कर्जा सम्झौता गरी प्रथम किस्ता लगानी गरेका सहकारीले कोषको लक्ष्य उद्धेश्य अनुसार लगानी गरेको/नगरेको यकिन गर्नका लागि प्रथम किस्ता लगानी भएका सहकारी र व्यवसायको अनुगमन गरी प्रथम किस्ता सदुपयोग भएको खण्डमा दोस्रो किस्ता निकासाका लागि सिफारिश गर्ने व्यवस्था रहेको छ ।
- यस आ.ब.०८१/८२ मा कर्जा लगानीका लागि अनुगमन गर्न नसकिएता पनि राष्ट्रिय योजना आयोगको आ.ब. २०८१/०८२ को लागि राष्ट्रिय प्राथमिकताको आयोजना/कार्यक्रम मध्ये युवा तथा साना व्यवसायी स्वरोजगार कोषको कार्यक्रमको आन्तरिक मूल्याङ्कनको प्रयोजनार्थ

कास्की, बागलुङ, सुनसरी, उदयपुर, चितवन, रूपन्देही, पाल्पा जिल्लामा आयोगका माननीय सदस्य डा. जय बहादुर टण्डनज्यूको संयोजकत्वमा स्थलगत अनुगमन गर्ने कार्यमा सहजिकरण गरिएको छ । त्यसै गरी सप्तरी जिल्लामा युवा तथा खेलकुद मन्त्रालयबाट माननीय मन्त्रीज्यू सहितको टिमबाट अनुगमन भएको छ ।

- स्थापनाकाल देखि विभिन्न बैंक/ वित्तिय/सहकारी संस्थाहरूबाट कर्जा लगानी भएका ९० हजार जना व्यवसायीको विवरण कम्प्युटर टाइप गरी व्यवस्थित गरिएको छ ।

तालिम :

- कोषले, कोष सञ्चालन नियमावली, २०७७ र कर्जा लगानी तथा असुली कार्यविधि, २०७७ अधीनमा रही विभिन्न सङ्घसंस्थाहरूसँग समन्वय गरी तथा कोषस्वयम्ले तालिम सञ्चालन गर्ने गरेको छ । कोषले आ.व. २०८१।०८२ को असार मसान्त सम्ममा कूल ४२,५६३ जनालाई अभिमुखीकरण तालिम, ८४४० जनालाई सीपमूलक तालिम तथा ६७५७ जनालाई अनुशिक्षण तालिम उपलब्ध गराएको छ ।
- आ.ब. २०८१।०८२ मा कोषमा कार्यरत कर्मचारीहरूको २ दिने क्षमता अभिवृद्धि तालिम सम्पन्न गरेको छ।
- कोषले मिति २०८२/०२/२३ गते कर्जा लिन चाहने सहकारी संस्थाहरूलाई प्रस्ताव पेश गर्ने आवहान गरे पश्चात जिल्लामा कार्यरत कर्जा असुली सहजकर्ताहरूलाई सो सूचना सम्वन्धमा जिल्लामा रहेर सम्पन्न गर्नुपर्ने कार्य सम्वन्धमा कोषबाट भर्चुअल तालिम दिइएको छ ।

व्यवसाय र व्यवसायीको वीमा

- कोषबाट विभिन्न बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूबाट प्रवाह भएको स्वरोजगार कर्जा लिएका व्यवसायीहरूको जीवन तथा परियोजना बीमाको काम राष्ट्रिय बीमा कम्पनी लि. बाट गरिँदै आइरहेको छ । कोषले आ.व. २०८१।८२ को असार मसान्तसम्ममा ८१,५५५ जना ऋणी व्यवसायीहरूको बीमा गराएको छ । जसमध्ये १३५१ जना व्यवसायीहरूको परियोजना क्षति तथा मृत्यु भई रू ८,२५,०२,६३८/- क्षतिपूर्ति उपलब्ध गराई सकेको छ ।
- ५६३ जना व्यवसायीहरूको Online बीमा प्रस्ताव फाराम भराईएको छ।
- २५ जना व्यवसायीहरूको परियोजना हानी नोक्सानी भई रू. १६,९१,७००।- बीमा कम्पनीबाट क्षतिपुर्ति भराइएको ।
- Online Website मार्फत बीमा प्रस्ताव फाराम भराउन सहकारी संस्थाहरूलाई सहजिकरण गरिएको ।

- काषका कर्मचारीहरूको औषधिउपचार बीमा गर्ने तथा कोषको मातहतमा रहेको सवारी साधनहरूको बीमा गरिएको ।
- कोषको कार्यालयले संचालन गरेको बीमा सम्बन्धी नितिगत तथा व्यवहारिक पक्षको तालिम दिने कार्य गरिएको तथा Online बीमा भएका व्यवसायीहरूको प्रमाणिकरण गरिएको ।
- बीमा शाखासँग सम्बद्ध निकायहरूसँग समन्वय तथा पत्र-परिपत्र गर्ने गराउने,
- बीमा कम्पनीमा पेश हुन आएका दावीहरूमा अपुग भएका कागजात पुऱ्याई दावी फर्छ्यौटमा सहज बनाउने कार्य गरिएको ।
- राष्ट्रिय बीमा कम्पनीले तयार गरेको पोलिसीहरू तथा दावी फर्छ्यौट भई बनेका चेक सम्बन्धी बैंक, वित्तिय संस्था र सहकारीहरूलाई तथा व्यक्तिहरूलाई वितरण गर्ने कार्य गरिएको ।

व्याज अनुदान

- कोषसँग कर्जा लगानी संझौता गरी कर्जा लगानी गरेका उद्यमी-व्यवसायीहरूलाई निजहरूले लिएको कर्जाको साँवा व्याज नियमित रूपमा भुक्तनी गरिसकेपछि कर्जा लगानी गर्ने संस्था मार्फत कोषसँग व्याज अनुदान माग सम्वन्धी कोषमा पेश भएको प्रस्ताव कोषवाट रूजु, अध्ययन, विश्लेषण गरी कर्जा सदुपयोगिताका आधारमा निजहरूले तिरेको व्याजको ६०% रकम अनुदान स्वरूप सम्वन्धित संस्था मार्फत सम्बन्धित कर्जाग्राहीलाई भुक्तानी दिने व्यवस्था भएकोमा व्याज अनुदान रकमको सदुपयोगिता, सरकारी खर्च भुक्तानी सम्वन्धी नीतिगत व्यवस्था एवं महालेखा नियन्त्रक तथा महालेखा परीक्षकको कार्यालयको सुझाव समेतलाई मध्यनजर गरी आ.व. २०७९।८० देखि सम्वन्धित संस्थाहरूवाट पेश भएको सिफारिस सहितको व्याज अनुदान प्राप्त गर्ने कर्जाग्राहीहरूको बैंक खाता तथा स्थायी लेखा नम्बरका आधारमा सम्वन्धित कर्जाग्राहीहरूको खातामा सिधै रकम निकासा पठाउने व्यवस्था गरिएको छ ।
- व्याज अनुदान माग सम्वन्धी ४५० भन्दा वढी संस्थाका १५००० हजार भन्दा बढी कर्जाग्राहीहरूले १९ करोड भन्दा बढी व्याज अनुदान रकम माग गरी कोषमा प्रस्ताव पेश भएको अवस्था छ । हरेक आर्थिक वर्षमा हुने न्यून बजेट विनियोजनका कारण माग बमोजिम व्याज अनुदान वितरण गर्न सकिएको छैन । दैनिकजसो व्याज अनुदान माग सम्वन्धी प्रस्ताव पेश भैराखेका छन । आगामी वर्षमा व्याज अनुदान शीर्षकमा प्रयाप्त वजेटको व्यवस्था गरी व्याज अनुदान वितरणको व्यवस्था मिलाउनु अत्यावश्यक छ ।
- चालु आर्थिक वर्ष २०८१।०८२ मा व्याज अनुदान शीर्षकमा १ करोड ४० लाख ५ हजार वजेट विनियोजन भएकोमा कोषमा पेश भएका व्याज अनुदान माग सम्वन्धी प्रस्तावहरू मध्येवाट २५ जिल्लाका ३० सहकारी संस्थाका ८५३ जना कर्जाग्रहीहरूलाई १ करोड ३३ लाख २१ हजार ६ सय बहत्तर रूपैया र पैसा ७० मात्र व्याज अनुदान वितरण गरिएको छ । आ. व. २०७१।७२ देखि

हाल सम्म ५०४ संस्थाका १५ हजार ९ सय ९८ जना कर्जाग्रहीहरूलाई १७,६४,८२,११६।४० निकासा भएको छ ।

कर्जा व्यवस्थापन शुल्क

- युवा तथा साना व्यवसायी स्वरोजगार कोषवाट सहुलियतपूर्ण कर्जा लगानी हुने हुदा कोषसँग कर्जा लागनी सम्झौता गरी कोषको रकम लिई कार्जा लगानी गर्दा तोकिए वमोजिम व्याजदरमा कर्जा लगानी गनुपर्ने तथा कर्जाग्राहीवाट संस्थाहरूले सेवा शुल्क वापत कुनै रकम लिन नपाउने व्यस्था छ । कोषको कार्यक्रम अर्न्तगत कर्जा लगानी गर्दा कर्जा व्यवस्थापन खर्च वापत कर्जा लगानी भएका कर्जाग्राहीहरूका आधारमा प्रति व्यक्ति (कर्जाग्राही) ५०० का दरले समन्धित संस्थालाई कर्जा व्यवस्थापन खर्चनिकासा दिने व्यवस्था गरिएको छ ।
- चालु आर्थिक वर्ष २०८१।०८२ मा कर्जा व्यवस्थापन शीर्षकमा रू १० लाख वजेट विनियोजन भएकोमा कोषमा कर्जा व्यवस्थापन खर्च माग सम्वन्धी पेश भएका प्रस्तावहरू रूजु अध्ययन गरी ५३ जिल्लाका ६३ सहकारी संस्थाहरूका १९९५ जना कर्जाग्राहीहरूलाई कर्जा लगानी गरेवापत प्रति व्यक्ति ५०० का दरले ९ लाख ९७ हजार ५ सय मात्र रूपैया कर्जा व्यवस्थापन खर्च निकासा गरिएको छ । आ. व. २०७१।७२ देखि हालसम्म ९१० सहकारी संस्थाले २९ हजार ९ सय ३४ जना कर्जाग्रहीहरूलाई कर्जा लगानी गरे वापत प्रति व्यक्ति ५०० को दरले रू १,४९,६७,०००।०० कर्जा व्यवस्थापन शुल्क निकासा भएको छ ।

असुली तथा कारवाही

- कोषबाट कर्जा लगानी भइरहेको रकम प्रभावकारी रूपले असुली भईरहेको र भाखा नाघेको रकम असुली गर्न कोषले कोष (सञ्चालन) नियमावली, २०७७ र कर्जा लगानी तथा असूली कार्यविधि, २०७७ अनुसार कर्जा नर्तिने बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई तथा ऋणीहरूलाई कर्जा असुलीका लागि मौखिक तथा लिखित ताकेता पत्रचार गरिएकोछ । त्यसैगरी कर्जा नर्तिने बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाहरूलाई तथा ऋणीहरूलाई कर्जा असुलीका लागि स्थानीय पत्रिका, राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशित गरिएको छ ।

मौखिक तरताकेता, भेटघाट तथा छलफल

- कोषसँग कर्जा सम्झौता गरि भुक्तानी तालिका अनुसार समयमा किस्ता तथा व्याज नबुझाएका (पटक पटक गरी) ९३४ वटा सहकारी संस्थाहरूको १५८४ जना संचालक समितिका पदाधिकारी तथा सदस्यहरूलाई मौखिक तथा टेलिफोनबाट तरताकेता गरिएको छ । साथै ९५२ सहकारी संस्थाहरूका १६५४ पदाधिकारी तथा सदस्यहरूसँग कर्जा असुलीका लागि भेटघाट तथा छलफल गरिएको छ ।

भाखा नाघेको कर्जा असुली :

- यस आर्थिक बर्षमा सम्झौता अवधि समाप्त भई भाखा नाघेका, किस्ता रकम समयमै नतिरेका, कोषको नियम विपरित लगानी गरेका सहकारी संस्थाहरू र बैंक तथा वित्तीय संस्थाहरूबाट जम्मा रकम रू. ४८,४४,८०,०२६/-अठ्चालिस करोड चौंवालीस लाख असी हजार छब्बिस रूपैंया) असुली तथा हिसाब मिलान भएको छ । जस मध्ये भाखा नाघेको कर्जा रू. २०,७७,३७,८३८/- (वीस करोड सतहत्तर लाख सैतिस हजार आठ सय अठ्तिस रूपैया) र किस्ता नाघेको रकम रू. २७,६७,४२,१८८I- (सत्ताइस करोड सत्तसट्ठी लाख बयालिस हजार एक सय अठासी मात्र) असुली तथा हिसाब मिलान गरिएको छ ।

भाखा नाघेको कर्जाको प्रदेशगत रूपमा असूली विवरण

- कोशी प्रदेशः ५ करोड २६ लाख २६ हजार २ सय १ रूपैंया,
- मध्शे प्रदेशः १ करोड ४२ लाख ७५ हजार ७ सय ६ रूपैंया,
- बागमती प्रदेशः ४ करोड ८३ लाख ७८ हजार १ सय ४० रूपैंया,
- गण्डकी प्रदेशः १५ लाख ५५ हजार ३ सय ६८ रूपैंया,
- लुम्बिनी प्रदेशः १ करोड ८४ लाख ६७ हजार २ सय ५० रूपैंया,
- कर्णाली प्रदेशः ६ करोड ५१ लाख २४ हजार ८ सय २३ रूपैंया र
- सुदुरपश्चिम प्रदेशः ७२ लाख ६० हजार ३ सय ५० रूपैंया भाखा नाघेको रकम असुल गरिएको छ ।

कर्जा असुलीका लागि लिखत ताकेता

- यस आ.व.मा सम्झौता अवधि सकिएका तथा नियमित किस्ता नतिरेका सहकारी संस्थाहरू मध्ये ८०४ वटा सहकारी संस्थाहरूलाई कोषमा रकम बुझाउनका लागि पत्राचार गरिएको थियो ।

अचल सम्पत्ति रोक्का गर्न पठाएको र रोक्का भई आएको विवरण

- यस आ.व.मा कोषको कर्जा नतिरी भाखा नाघेका तथा नियमित किस्ता नतिरेका ८० वटा सहकारीका ८८१ जना पदाधिकारी तथा सदस्यहरूको अचल सम्पत्ति रोक्का गर्न पत्राचार तथा ४१ वटा

सहकारी संस्थाका २२२ जना पदाधिकारी तथा सदस्यहरूको अचल सम्पत्ति रोक्काको विवरण प्राप्त भएको छ । साथै जग्गा रोक्का भएको विवरण प्राप्त हुने क्रम जारी छ ।

रोक्का भएको अचल सम्पत्ति फुकुवा भएको विवरण

- यस आ.व.मा कोषमा बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता गरेका ५४ वटा सहकारीका ६२८ जना पदाधिकारी तथा सदस्यहरूको रोक्का भएको अचल सम्पत्ति (घर तथा जग्गा जमिन) कोषबाट फुकुवा गरिएको छ ।

कर्जा असुलीका लागि स्थलगत अनुगमन/निरिक्षण :

- यस आ.व.मा सहकारी संस्थाहरूको स्थलगत अनुगमन तथा निरिक्षणको क्रममा भुक्तानी तालिका अनुसार कोषमा किस्ता तथा व्याज नबुझाउने सहकारीहरूलाई कोषको रकम बुझाउन ताकेता गरिएको थियो । सोही समयमा कोषको रकम तिर्न बुझाउनको लागि लिखित प्रतिवद्धता समेत गराइएको छ । यसरी असुलीका लागि अनुगमन तथा निरिक्षण गरिएका जिल्लाहरू सप्तरी, सुनसरी, दाङ, महोत्तरी, उदयपुर, कैलाली, रौतहट, कञ्चनपुर, नुवाकोट, मोरङ, सिन्धुपाल्चोक, स्याङ्जा, बाग्लुङ ,बाँके, धनकुटा, सुर्खेत, झापा, काभ्रे, रूपन्देही, नवलपरासी, सिन्धुली, पर्सा, काठमाडौं, ओखलढुङ्गा, खोटाङ, सोलुखुम्बु, गोरखा, रामेछाप, भोजपुर, संखुवासभा, दोलखा, प्यूठान, तेह्रथुम, र ललितपुर हुन्।

सुविधा रोक्का गर्न पठाएको र रोक्का भई आएको विवरण :

- यस आ.व.मा कोषमा बुझाउनुपर्ने रकम नबुझाएका ५७ वटा सहकारीका ८४० जना पदाधिकारी तथा सदस्यहरूको सेवा सुविधा रोक्काको लागि स्थानीय तहमा पत्राचार गरिएकोमा ६ वटा सहकारी संस्थाको ७८ जना व्यक्तिको स्थानीय तहबाट सेवा सुविधा रोक्का भएको विवरण **अनुसूची**मा उल्लेख गरिएको छ ।

रोक्का भएको सेवा सुविधा फुकुवा भएको विवरण :

- यस आ.व.मा कोषमा बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता गरेका १५ वटा सहकारीका १८२ जना पदाधिकारी तथा सदस्यहरूको स्थानीय तहबाट रोक्का भएको सेवा सुविधा कोषबाट फुकुवा गरिएको छ ।

बैंक/वित्तीय संस्थामा रहेको खाता रोक्का गर्न पठाईएको र रोक्का भई आएको सम्बन्धमा:

- यस आ.व.मा कोषको कर्जा नतिरी भाखा नाघेका तथा नियमित किस्ता नतिरेका १६७ वटा सहकारी संस्थाहरू र सो सहकारीहरूका २०४५ जना पदाधिकारी तथा सदस्यहरूको खाता रोक्का गर्न पत्राचार तथा १६७ वटा सहकारी संस्थाका २०४५ जना पदाधिकारी तथा

सदस्यहरूको बैक/वित्तीय संस्थामा रहेको खाता रोक्का भई आएको विवरण प्राप्त भएको छ । खाता रोक्काको लागि पठाएको र रोक्का भई आएको छ ।

रोक्का भएको बैक खाता फुकुवा भएको सम्बन्धमा :

- यस आ.व.मा कोषमा बुझाउनु पर्ने सम्पूर्ण रकम चुक्ता गरेका ३५ वटा सहकारीका ५१० जना पदाधिकारी तथा सदस्यहरूको रोक्का भएको बैक/वित्तीय संस्थामा रहेको खाता कोषबाट फुकुवा गरिएको छ ।

भाखा नाघेको कर्जा पूर्ण असुली/चुक्ता सम्बन्धमा :

- यस आर्थिक बर्षमा कोषमा बुझाउनु पर्ने साँवा, व्याज तथा हर्जाना रकम बुझाई १०३ वटा सहकारी संस्थाहरूले कोषमा बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता गरेका छन् ।

कर्जा चुक्ता गर्ने सम्बन्धमा राष्ट्रिय दैनिक पत्रिकामा सूचना प्रकाशन :

राष्ट्रिय दैनिक गोरखापत्रमा मिति २०८२ साल जेष्ठ २२ गते कोषको कर्जा नतिर्ने विभिन्न जिल्लाका सहकारी संस्थाहरूलाई कोषलाई बुझाउनु पर्ने साँवा, व्याज र हर्जाना सहितको सम्पूर्ण रकम बुझाउनको लागि सूचना प्रकाशित गरिएको थियो । सूचना प्रकाशित गरेको बिवरण **अनुसूची**मा उल्लेख गरिएको छ । तोकिएको समयमा रकम नबुझाएमा संस्थाका संचालक समिति, लेखा समिति एवं कर्जा उप-समितिको आफ्नो र एकाघर परिवारको अचल सम्पत्ति रोक्का, सेवा सुविधा रोक्का र बैंक खाता रोक्का गरी कालोसूचीमा राखि सरकारी धन मासेसरह कानूनी कारबाही प्रक्रिया अगाडि बढाईने व्यहोरा समेत जानकारी गराईएको थियो ।

सहकारी संस्थाहरूको लगानी विवरण

प्रदेश	सहकारी संख्या	शुरू लगानी	बाँकी लगानी
कोशी	५५८	२४५८९७००००	४०६२८९१६१.५
मधेश	२४९	९९०७०००००	२११२८९८३३.५
बागमती	८४८	३८३९२५५०००	६५३०७१४८४.३
गण्डकी	२५६	१२४७७०००००	६९९६१२१९.०७
लुम्बिनी	४०१	१७४२६४००००	२३३४७६००३.४
कर्णाली	३०७	१०६६३२००००	२५००१०५८१.७
सुदूरपश्चिम	२६२	११३९५५००००	१५७३२७६३५.३
जम्मा	**२८८१**	**१२४८५१३५०००**	**१९८१४२५९१९**

१८. आ.व. २०८१/८२ सम्मको स्वरोजगार र मौसमी रोजगारको अवस्था

क्र.स.	सूचक	एकाइ	आर्थिक वर्ष २०८१/८२ सम्मको यथार्थ	आर्थिक वर्ष २०८२/८३
				लक्ष्य
१	स्वरोजगार उद्यम/व्यवसाय सञ्चालन गर्ने युवा (प्रति वर्ष)	जना (हजारमा)	१०९	११
२	मौसमी रोजगार सृजना	जना (हजारमा)	१००	१०

१९. आ.व. २०८१/८२ मा विनियोजित बजेट खर्चको विवरण:

कार्यक्रमको नाम	वार्षिक बजेट र स्रोत (रकम रू. लाखमा)		वार्षिक प्रगति	वार्षिक प्रगति प्रतिशत		
	नेपाल सरकार	अन्य स्रोतबाट प्राप्त	जम्मा	खर्च (रू लाखमा)	भौतिक	वित्तीय
युवा तथा साना व्यवसायी स्वरोजगार कोष	१२२८.४२	०	१२२८.४२			
चालु	१२१८.७७	०	१२१८.७७	५५८.६७	४५.५४	४५.८४
पुँजीगत	९.६५	०	९.६५	५.२२	६२.५	५४.०४
जम्मा	**१२२८.४२**	**०**	**१२२८.४२**	**५६३.८९**	**४५.५५**	**४५.९१**

२०. विकास कार्यक्रमहरूको क्रियाकलापगत प्रगति विवरण

ब.उ.शि.नं. ३४३५१०११ (युवा तथा साना व्यवसायी स्वरोजगार कोष) रकम रू. लाखमा

क्र.स.	कार्यक्रम / क्रियाकलाप	खर्च शीर्षक	इकाइ	बार्षिक लक्ष्य			वार्षिक प्रगति				प्रगति विवरण
				परिमाण	भार	बजेट	भौतिक प्रगति %	भारित प्रगति	खर्च	वित्तीय प्रगति	
२.९.१.१	परियोजना तथा व्यवसायी वीमा	२२२१४	जना	५८७५	१९.१३	२३५	९.५८	छैन	छैन	छैन	खर्च हुन नसकेको ।
२.५.८.१०	कोषको कानून तथा ऐन निर्माण	२२४१३	पटक	२	०.२४	३	छैन	छैन	छैन	छैन	
२.५.८.१२	सफ्टवेयर स्तरोन्नति	२२४१३	संख्या	१	०.४१	५	छैन	छैन	छैन	छैन	
२.६.१.२	कर्मचारीको क्षमता अभिवृद्धि कार्यक्रम	२२५११	जना	६८	०.४१	५	७६.४७	०.३९	४.७५	९५	५२ जनालाई २ दिवसीय क्षमता अभिवृद्धि तालिम गरिएको ।
२.६.४.४	अनुशिक्षण तालिम	२२५१२	जना	१०००	०.४९	६	छैन	छैन	छैन	छैन	का.उ. नहुँदा लगानी प्रक्रिया नबढेको ।
२.६.५.१	कर्जा असूली सहजकर्ताहरूलाई आधारभूत तालिम	२२५१२	केन्द्र/ प्रदेश	७७	०.८१	१०	छैन	छैन	छैन	छैन	समयमा नवीकरण नभएको ।
२.७.८.३	अन्तरक्रिया तथा सम्मान कार्यक्रम (इभेन्ट्स म्यानेजमेण्ट)	२२५२२	समूह	५	०.३३	४	छैन	छैन	छैन	छैन	
२.७.२८.१	स्वरोजगार कार्यक्रमवबाट उत्पादित वस्तु तथा सेवाको प्रदर्शनी	२२५२९	पटक	३	०.२४	३	छैन	छैन	छैन	छैन	

२.८.१.३	कर्जा असुली र कारवाही	२२६११	पटक	७५	२.०४	२५	४५.३३	१.३१	१६.०७	६४.२८	भाका नाघेको, किस्ता नाघेको र नियमित असुली रकम रू १ अर्ब ३१ करोड मात्र ।
५.१.११.३	युवा स्वरोजगार कर्जाको व्याज अनुदान	२६४१३	जना	४००	११.४	१४०.०५	२१३.२५	१०.८४	१३३.२	९५.१२	३० सहकारीको ८५३ जना स्वरोजगार व्यवसायीलाई ब्याज अनुदान भुक्तानी दिइएको ।
५.१.११.५	कर्जा व्यवस्थापन खर्च	२६४ जना	जना	२०००	०.८१	१०	९९.७५	०.८१	९.९८	९९.७५	१९९५ जना स्वरोजगार सृजना गरे बापत सहकारीलाई कर्जा व्यवस्थापन रकम वितरण गरिएको ।

२१. कोषका प्रमुख समस्याहरू

(क) कर्जा लगानी

- लामो समयको अन्तरालसम्म पनि कोषको कार्यकारी उपाध्यक्ष नियुक्ति हुन नसकेकाले कोषको कर्जा लगानीमा लगानी हुन नसक्दा स्वरोजगार सिर्जनामा अपेक्षित उपलब्धी हासिल गर्न सकिएन । आर्थिक क्रियाकलापहरू चलायमान नहुनाले Multiplier Effects हुन सकेन खास गरी कोषले लक्षित गरेको ग्रामीण क्षेत्र, पिछडिएका क्षेत्र, लक्षित समुदाय बढी प्रभावित भएका छन ।
- कोषको कार्यकारी उपाध्यक्ष नियुक्ति हुन ढिलाइ भएकाले कर्जा लगानीको पहिलो किस्ता लगेका संस्थाहरूलाई दोश्रो किस्ता निकाशा समयमा नै हुन सकेन जसले गर्दा बैक/वित्तीय संस्था तथा सहकारी संस्थाहरूले कोषसँग गरिएको कर्जा सम्झौता अवधि समय घट्दै गईरहेको छ । त्यसै गरी नयाँ लगानी हुन नसकेको अवस्था छ ।

(ख) कोष ऐन, नियमावली, विनियमावली, कार्यविधि र निर्देशिकाहरूको नयां निर्माण एवं संशोधन

- कोषको कार्यक्षेत्र देशभर रहेको हुंदा कोषलाई सुम्पिएको जिम्मेवारी सहज ढंगले पुरा गर्न र कोषलाई कानूनी रूपमा बलियो बनाउन कोषको छुट्टै ऐन निर्माण हुन नसकेको,
- कोष (संचालन) नियमावली, २०७७ लाई समय सापेक्ष हुनेगरी संशोधन हुनुपर्ने,
- कर्मचारी सेवाशर्त विनियमावली, २०६९ समय सापेक्ष हुनेगरी संशोधन आवश्यक रहेको,
- कर्जा लगानी तथा असुली कार्यविधि (२०७७) को संसोधन गर्न आवश्यक रहेको,
- आर्थिक प्रशासन विनियमावली निर्माण गर्नुपर्ने,
- कोषको काम कार्वाही र लगानी असूली प्रभावकारी बनाउन थप कार्यविधि, निर्देशिका र मापदण्डहरू निर्माण गर्न बांकी रहेको ।

(ग) कोषको कार्यालय भवन तथा भौतिक स्रोत साधनको अभाव

कोष स्थापना कालदेखी नै भाडाको भवनमा सञ्चालनमा रहदै आएकाले आफ्नै सरकारी भवनमा कार्यालय सञ्चालन गर्न सकेमा घरभाडा वापतको रकम वचत हुने देखिन्छ । कोषले दिने सेवा सुविधालाई स्थानीय स्तरसम्म सहज ढंगले पुरयाउन प्रदेशस्तरमा कार्यालय स्थापना आवश्यक रहेको छ । कोषको काम कार्वाहीलाई प्रभावकारी बनाउन आवश्यक पर्ने सवारी साधन र आधुनिक कार्यालय सामान खरिद व्यवस्थापनका साथै सफ्टवयरहरूको सुधार, नयां जडान तथा प्रतिस्थापन गरिनु पर्ने ।

(घ) कोषको लक्ष्य हासिल गर्न पर्याप्त बजेटको अभाव

कोषलाई वर्षेनी आवश्यक पर्ने बीमा प्रिमियम भुक्तानी र ब्याज अनुदानको लागि आवश्यक पर्ने रकम भन्दा न्यून रकम विनियोजन गरिंदै आएकोले कोषले भुक्तानी गर्नुपर्ने बीमा र व्याज अनुदान दायित्व वर्षेनी बढी रहको छ । त्यस्तै जिल्लामा कार्यरत सहजकर्ताहरू, लगानी भएका संस्थाका पदाधिकारीहरू र ऋणीहरूलाई व्यवसायिक एवं अनुशिक्षण तालिम, देशभरका संस्थाहरूमा सघन अनुगमनका लागि पर्याप्त बजेट आदिको समस्या रहेको छ ।

(ङ) कर्मचारी व्यवस्थापन

स्वरोजगार कोष स्थाई प्रकृतिको रहेता पनि कर्मचारीहरूको स्थाई पदपूर्ती नभइ हालसम्म करार कर्मचारीहरूबाट कार्य सम्पादन भइ रहेको अवस्था छ । कर्मचारीहरू स्थाई हुन नसक्दा कर्मचारीहरूको मनोवल उच्च हुन नसकेको, भविष्य सुनिश्चत नभएको र सेवा सुविधा पर्याप्त नहुंदा उच्च मनोवलमा कमी देखिन्छ ।

२२. कोषका चुनौतीहरू :

- कोषको कार्यालय संघमा मात्र रहेकोले प्रदेश तथा स्थानीय तहसम्म तोकिएको समयमा नै लगानी, अनुगमन तथा असूली कार्य गर्न कठिनाई रहेको ।
- उद्यमशीलताको अभाव देखिएका लक्षित वर्गलाई सीपमूलक तालिम उपलब्ध गराएर कर्जा उपलब्ध गराउनु उपयुक्त भएपनि पछिल्ला आ.व.मा कोषसंग तालिम प्रदान गर्ने रकम पर्याप्त भएको ।

- अधिक युवाहरूमा व्यवसायीकता, लगनशीलता र उद्यमशीलता विकास भैनसकेको ।
- सरकारको प्राथमिकतामा कोष पर्न नसकेको ।
- युवाहरूमा वैदेशिक रोजगारप्रति मोह बढ्दै गएको ।
- स्थानीय तहमा कार्यगर्ने गरी बनेको संरचना अनुसार कोषको काम गर्न व्यवहारिक कठिनाई भएको ।
- कोषसंग साझेदारी गरेका सहकारी संस्थाहरू सहकारी मूल्य मान्यताका आधारमा भन्दा नाफामूखी तवरले अगाडी बढेको ।
- नेपाल सरकारका अन्य निकायहरूबाट कोषका कार्यक्रमसंग मिल्दाजुल्दा कार्यक्रमहरू ल्याइनु ।
- हाल सहकारी क्षेत्रमा देखिएका समस्याहरूबाट कोषको लगानी असूलीमा समस्या देखिएको ।
- कोषको कार्यक्रमबाट सिर्जना भएका रोजगारको निरन्तरता चुनौती रहेको ।

२३. स्वरोजगार क्षेत्रमा सुधार गर्नुपर्ने पक्ष तथा क्षेत्रहरूः

सीमित व्यक्ति र उद्यमीबीच वित्तीय स्रोत साधनको परिचालन, परिचालित वित्तीय स्रोत साधनबाट उत्पादन र रोजगारी सिर्जनामा अपेक्षित योगदान पुग्न सकेको छैन । वाध्यतावश वैदेशिक रोजगारीमा जाने अवस्थाको अन्त्य गर्न वैदेशिक रोजगारीसंगै प्राप्त विप्रेषण आय, ज्ञान, सीप, प्रविधि र उद्यमशीलतालाई उत्पादनमूलक क्षेत्रमा परिचालन गर्दै आन्तरिक रोजगारीका अवस्था सिर्जना गर्न आवश्यक छ । कोषले संचालन गरेका कार्यक्रमहरू लक्षित वर्गसंग पुगी उनीहरूको जिवनस्तरमा के प्रभाव प-यो समय समयमा प्रभावकारीता अध्ययन र ऋणीहरूको स्वरोजगार निरन्तरता रहे नरहेको समेत अध्ययन गर्न अत्यन्त आवश्यक छ । राज्यले दिने सेवा सुविधाहरूमा पहुंच नपुगेका लक्षित वर्गहरू मध्ये अधिकांश विपन्न महिला, मधेशी, अल्पसंख्यक, जनजातिहरू लगायत र देशमा सीमित अवसर देखी विदेश जान खोज्ने युवाहरूलाई आफ्नै देशमा भविष्य छ भन्ने बनाउन रोजगार/स्वरोजगार वन्न आवश्यक पर्ने उद्यमशीलता विकास, व्यवसाय सम्भावनाका क्षेत्रहरू, आवश्यक पूंजीको व्यवस्था, निशुल्क सीपमूलक तालिम, ब्याज अनुदान, व्यवसायी र व्यवसायको सुरक्षणको लागि बीमाको व्यवस्था, बजारको सुनिश्चतता जस्ता कार्यक्रमहरू प्रभावकारीरुपमा संचालन गर्नुपर्दछ । रोजगारी तथा स्वरोजगार सिर्जना कार्यक्रम सन्चालन गर्ने निकायहरूसंग कार्यक्रममा दोहोरोपना

हुन नदिन समन्वय र सहकार्य गरिनु पर्दछ । रोजगार/स्वरोजगारसंग सम्बन्धित छरिएर रहेका कार्यक्रमहरू गर्ने सरकारद्धारा संचालित निकायहरू जस्तैः युवा तथा साना व्यवसायी स्वरोजगार कोष र रष्ट्रिय युवा परिषदद्धारा संचालित कार्यक्रम, प्रधानमन्त्री रोजगार कार्यक्रम, गरिबसंग विशेस्वर कार्यक्रम, ग्रामिण स्वलम्बन कार्यक्रम, गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रम, रोजगार सूचना केन्द्र र रोजगार प्रवर्द्धन कार्यक्रम लगायत जस्ता कार्यक्रमहरू एकिकृत गरी एकद्धार प्रणालीमार्फत संचालन गर्न आवश्यक देखिएको छ जस्ले गर्दा प्रशासनिक खर्च घट्ने, कार्यक्रममा दोहोरोपना नहुने र सेवाग्राहीहरू अन्यौलमा रहने अवस्थाको अन्त्य हुन्छ । युवाहरूको सीप, जोश र सामर्थ्यलाई उपयोगमा ल्याउन शुरू गरिएको स्टार्ट अप अवधारणालाई कोषमार्फत संचालन गर्नसके बढी प्रभावकारी हुने देखिन्छ । कोषको कार्यक्रममार्फत स्वरोजगार सिर्जनाका लागि आवश्यक ऐन नियम, कार्यविधिहरूको निर्माण एवं संशोधनका साथै स्वरोजगार तथा लघु उद्यमशीलता प्रोत्साहन गर्ने नीति निर्माण गर्नु पर्दछ । कोषलाई आवश्यक पर्ने भौतिक स्रोत साधनको व्यवस्थापन, ऋण लगानीको लागि आवश्यक पर्याप्त पूंजी, कोषलाई परिणाममूखी बनाउन तथा लक्षित समूहसम्म पुग्नका लागि कम्तिमा प्रदेश तहसम्म कोषको शाखा विस्तार र कार्यमैत्री स्थानको लागि कोषको आफ्नै भवनको आवश्यक रहेको छ । कोषमा कार्यरत कर्मचारीहरूमा उच्च मनोवल र उत्प्रेरणा जगाउन कर्मचारीहरूको उचित व्यवस्थापनका साथै स्थायीत्व र वृत्ति विकासका पक्षमा ठोस कार्ययोजना बनाउन जरूरी छ । कोषको काम कार्वाहीलाई प्रभावकारी र जिम्मेवार वनाउन ऐन कानून संशोधन गरी स्थानीय स्तरमा रहेका रोजगार संयोजकलाई कोषको मातहतमा ल्याएर काममा लगाउनु पर्ने र कोषको कर्जा लगानी गर्ने साझेदारी संस्थाका कर्मचारीहरूलाई क्षमता अभिवृद्धि कार्यक्रम संचालन गरी लगानी प्रवर्द्धन गर्नुपर्ने देखिन्छ । स्थानीय तहसंगको सहकार्यमा वेरोजगार युवाहरूलाई स्थानीयस्तरमा नै रोजगारी र सीपको विकास साथै युवाहरूलाई उद्यमशीलता र स्वरोजगारीमा प्रोत्साहन गर्न नवप्रवर्तन तथा शुरूवाती पूंजी प्रवाह गर्ने सोह्रौं योजनाको उद्धेश्यसंग युवा स्वरोजगार कोषको कार्यक्रम मेलखाने हुंदा कोषले गर्ने कार्यक्रमले सोह्रौं योजनाको लक्ष्य हासिल गर्न मद्धत पुग्ने देखिन्छ । स्वरोजगार सिर्जनाका लागि कोषले लिएको ऋणको वार्षिकरूपमा करोडौं ब्याज बुझाउनुपर्ने दायित्व पुरा गर्दै कोषले उद्देश्य बमोजिम वार्षिकरूपमा हजारौं स्वरोजागार

सिर्जना गरिरहेको छ । कोषको लगानीबाट अप्रत्यक्ष रूपमा लाखौं रोजगारीको सिर्जना समेत भएको छ । बेरोजगारी समस्याको सम्बोधन गर्ने मूख्य जिम्मेवारी बोकेको कोषमा नेपाल सरकारले लगानीको लागि कुनै रकम व्यवस्था नगरेकाले कोषलाई प्रभावकारीरूपमा लक्षित वर्गसम्म पुऱ्याउनका लागि आबश्यक बजेट व्यवस्था गरि कोषलाई स्वायत्त र आत्मनिर्भर बनाउन अति आबश्यक छ ।

२४. कोषको चालु आ.व.०८२/८३ को लक्ष्यः

- आ.व. ०८२/८३ मा रू. २ अर्व लगानी गर्ने र रू १ अर्व असुली गर्ने लक्ष्य रहेको,
- कोष सन्चालन नियमावली २०७७ र कर्मचारी प्रशासन विनियमावली संशोधन गरिने,
- कर्जा लगानी तथा असूली कार्यविधि, २०७७ संशोधन गरिने,
- फाइल ट्रयाकिङ सिस्टम लागू गर्ने,
- नेपाल सरकारसंग बजेट माग गरी कोषले हालसम्म सृजना गरेका स्वरोजगार कार्यक्रमको प्रभाव अध्ययन गर्ने,
- सफल कार्यक्रमहरूको प्रेरणा कथाहरू वेभसाइटमा राखिने,
- दायित्व सृजना भएका बीमा दावी भुक्तानी र ब्याज अनुदान फिर्ता व्यवस्थापन गरिने,
- स्थानीयतहसंग मिलि साझेदारी गरी स्वरोजगार अभियान सन्चालन गरिने,
- पदाधिकारी तथा कर्मचारी आचार संहिता कार्यविधि, आन्तरिक नियन्त्रण कार्यप्रणाली निर्देशिका, अनुगमन निर्देशिका, असल ऋणी छनौट निर्देशिका र कर्मचारीको कार्य सम्पादन मूल्यांकन फाराम तयार गरिने,
- कोषबाट गरिने लगानीलाई थप पारदर्शी, व्यवस्थित एवं प्रभावकारी बनाइने,
- कोषबाट प्रवाह गरिने सेवा सुविधा सम्बन्धमा सन्देश दिने जिंगल निर्माण गरिने र कोषको लक्ष्य उद्धेश्य समेटेर प्रचार सामाग्री तयार गरिने,
- इ बुलेटिन प्रकाशन गरिने,
- मलेप सुझाव र संचालक समितिको निर्णय बमोजिम बैक खाताहरू घटाइने र सबै बैक खाताहरूको रिकन्साइल सम्पन्न गरिने,
- परियोजनाको आधारमा ऋण अवधी वर्गिकरण गर्ने,
- स्थानिय समन्वय तथा अनुगमन समिति र प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा रहेको असूली समितिलाई थप प्रभावकारी बनाइने,

- दातृ निकायहरूसंग सम्बन्ध बनाई कोषको कामको प्रकृतिसंग मेल खाने र कोषलाई उपयोगी हुने तालिम तथा वित्तीय सहयोगको लागि पहल गरिने ।

२५ अन्तमा :

युवालाई विनाधितो सुलभ कर्जा पदान गरी स्वरोजगार बनाउने उद्देश्य बमोजिम स्थापना भएको कोषले छोटो अवधिमै लाखौं स्वरोजगार र अल्पकालिन तथा मौसमी रोजगारी सृजना गरेको छ । निःशुल्क वीमा र ६० प्रतिशत व्याज अनुदान यसको सुन्दर पक्ष रहेको छ । कोषलाई लक्षित समुदायसम्म पुग्न कम्तिमा प्रदेशस्तरमा कार्यालय विस्तार गर्नुपर्ने देखिन्छ । राष्ट्रिय योजना आयोगले हालै कोषको कार्यको प्रभाव सम्बन्धमा गरेको आन्तरिक मूल्यांकनमा न्यून लगानीबाट युवाहरूले उदाहरणीय कार्य गरेको पाइएको बताएको छ भने प्रति व्यक्ति २ लाख लगानीलाई आयोजना हेरी ५ लाखसम्म पुरयाउनु पर्ने, लगानीको दायरा फराकिलो पार्नुपर्ने र सघन अनुगमन गर्नुपर्ने लगायतका सुझावहरू पेश गरेको बुझिएको छ । सयौ युवाहरू रोजगारीको शिलशिलामा दिनहूँ विदेश पलायन हुने अवस्थालाई समेत रोक्न र स्वरोजगार बन्न युवाहरूको बढ्दो सुलभ ऋणको मागले यसको औचित्य र आवश्यकता पुष्टि गरेको छ ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

बिमा दावी फाराम

१. बिमकको नाम :
२. ऋणीको नामः
३. ऋणप्रवाहगर्ने संस्थाको नामः
४. बिमालेख नं
५. बिमाअवधिः
६. बिमाङ्ग रकमः
७. बिमाशुल्कः भुक्तानी मितिः रसिद नं.
८. बिमा रक्षावरण गरिएको सम्पतिः
९. बिमित ऋणीको मृत्यु भएको अवस्थामाः—
   क) मृत्यू भएको मिति :
   ख) मृत्यूको कारण :.......... ....
   ग) औषधोपचार गर्ने चिकित्सक, अस्पताल वा नर्सिङ्ग होमको नाम, ठेगाना
१० बिमित ऋणीको दुर्घटनाबाट स्थायी अंगभंग/अशक्तता भएको अवस्थामा
   क) दुर्घटना मिति :
   ख) स्थायी अंगभंग/अशक्तता कारणः
   ग) शरीरको कुनभाग स्थायी अंगभंग/अशक्त भएकोः
   घ)औषधोपचार गर्ने चिकित्सक, अस्पताल वा नर्सिङ्ग होमको नाम, ठेगाना
११. बिमित सम्पति/व्यवसायका हानी नोक्शानी भएमाः
   क) सम्पतिमा हानी नोक्शानी भएको मितिः
   ख) नोक्शानीको कारण
   ग) क्षतिको बिबरणः
   घ) अनुमानित क्षति भएको रकम रु.
   ङ) सम्वन्धित प्राविधिक तथा स्वास्थ्य संस्थाको नामः
   च) क्षति निर्धारणगर्ने सर्भेयरको नाम

माथि उल्लेखित बिवरण ठीक तथा सत्य हो फरक परेमा बिमाको नियम अनुसार भएमा दाबीउजुर गर्ने छैन ।

दावीकर्ता/नीजको प्रतिनिधिको सहीः
नामः
ठेगानाः
मितिः

ऋण प्रवाहगर्ने बैंक, वित्तीय संस्था तथा सहकारी संस्थाको तर्फबाट सहि छाप गर्ने	
अधिकारीको	
हस्ताक्षरः	कार्यालयको छाप
नाम थरः	
पदः	
मितिः	
कर्जा असूली उप-समितिको तर्फबाटः	
सदस्य सचिवको	**संयोजक/सदस्यको**
हस्ताक्षर	हस्ताक्षर
नाम थरः	नाम थरः
पदः	पदः
मितिः	मितिः

फारम नं. ८ क

बैंक, वित्तिय तथा सहकारी सस्थाले कर्जा व्यवस्थापन शुल्क माग गर्दा दिने निवेदनको ढाँचा ।

मिति : ....

श्रीमान् कार्यकारी निर्देशकज्यू,
युवा तथा साना व्यवसायी स्वरोजगार कोषको सचिवालय,
अनामनगर, काठमाण्डौ ।

विषय :- कर्जा व्यवस्थापन शुल्क उपलब्ध गराउने बारे ।

उपरोक्त विषयमा यस बैंक, वित्तीय तथा सहकारी संस्थाले स्वरोजगार कोषबाट रु .... अक्षरेपी रु .... मात्र कर्जा लिई हाल सम्म .... जनालाई रु ....लगानी गरि यस बैंक, वित्तिय संस्था तथा सहकारीसँग भएको सम्झौता अनुसार कर्जा व्यवस्थापन शुल्क माग गर्ने समय समेत पुरा भएकाले.............................जनाको प्रतिव्यक्ति रु. ५००।- का दरले हुन आउने रकम रु..(अक्षरेपी रु...) निकासाको लागि अनुरोध छ । समावेस भएका व्यक्ति र माग रकम फरक परेमा वा बैंक खाता नं. फरक परेमा बैंक, वित्तिय संस्था तथा सहकारी संस्था जवाफदेहि हुने व्यहोरा समेत जानकारीको लागि अनुरोध छ । प्रत्येक व्यवसायीको विस्तृत विवरण यसै पत्र साथ संलग्न गरीएको व्यहोरा समेत जानकारीका लागि अनुरोध छ ।

<u>रकम पठाउनु पर्ने बैंकको नाम</u> : ....

जिल्ला र ठेगाना : ....

खाताको किसिम र खाता नं. : ....

चेकको प्रतिलिपी १ प्रति

सही : ....

अध्यक्ष/प्रवन्धक/व्यवस्थापकको नाम : ....

पद : ....

बैंक/वित्तिय संस्था/सहकारी संस्थाको नाम. ....

ठेगाना :..

सम्पर्क नं.: ....

<u>संस्थाको छाप</u>

१

फारम नं. १०

व्यक्तिगत रुपमा स्वरोजगार कर्जा लगानीमा भुक्तानी तालिका अनुसार साँवा ब्याज चुक्ता गरी अनुदान रकम माग गर्दा दिने निवेदनको नमूना ।

मिति : ....

श्रीमान् अध्यक्ष/शाखा प्रमुखज्यू,
.... बैंक/ वित्तीय/सहकारी संस्था लि.
.... जिल्ला ।

विषय : ब्याज अनुदान रकम माग बारे ।

उपरोक्त विषयमा .... जिल्ला .... न.पा/गा.वि.स. वडा नं. .... मा बस्ने वर्ष .... को .... को नाति/बुहारी .... को छोरा/छोरी/श्रीमती को म ....ले यस .... बैंक/वित्तीय संस्था तथा सहकारी संस्थाबाट स्वरोजगार कर्जा बापत रु .... (अक्षरेपी .... मात्र) लिई कोषको लक्ष्य उद्देश्य बमोजिम कर्जा सहि सदुपयोग गरी त्यस कार्यालयबाट उपलब्ध भुक्तानी तालिका अनुसार नियमित रुपमा साँवा रु .... र ब्याज रु................................. चुक्ता गरेको हुनाले कोषको नियमानुसार जम्मा बुझाएको ब्याजको ६० प्रतिशतले हुने रकम रु .... (अक्षरेपी .... मात्र) मेरो .... बैंक/ वित्तीय/सहकारी संस्था लि. मा रहेको बचत/मुद्धती खाता नं. .... उपलब्ध गराइदिनुहुन अनुरोध गर्दछु । साथै म निवेदकले भुक्तानी तालिका अनुसार साँवा र ब्याज रकम चुक्ता गरी ब्याज अनुदान रकम माग गरेको ठीक साँचो हो झुट्टा ठहरे कानून अनुसार सहुँला बुझाउँला ।

हस्ताक्षर : ....

नाम : ....

फोन नं...

नोट: व्यवसायीको तीन पुस्ते विवरण कोषमा पहिला उपलब्ध नगराएको भए तीन पुस्ते विवरण सहित निवेदन दिने ।

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

अपरिस्कृत वित्तीय विवरण

२०८२ साल आषाढ मसान्तको

पूँजी तथा दायित्व	अनूसुची	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. नेपाल सरकारको अनुदान मौज्दात	१	-	-
२. जगेडा तथा कोषहरु	२	८६१,५९४,५७१	९२१,११०,७९५
३. तिर्न बाँकी विपन्न वर्ग कर्जा सापटी	३	३,८६१,३८६,७८२	३,८६१,३८६,७८२
४. अन्य दायित्व	४	१२६,१५४,०२९	१४८,९६५,२७७
कुल पूँजी तथा दायित्व		**४,८४९,१३५,३८१**	**४,९३१,४६२,८५४**

सम्पत्ति	अनूसुची	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. नगद मौज्दात			-
२. नेपाल राष्ट बैंकमा रहेको मौज्दात	५	११,११४	११,११४
३ बैक/वित्तीय संस्थामा रहेको मौज्दात	६	१,२१५,२३२,५१५	२,५६१,९०५,००२
४.स्वरोजगार कर्जा सापट (खूद)	७	३,६१२,१४९,६०९	२,३४७,८०४,५९५
५. अन्य सम्पत्ति	८	२१,७४२,१४४	२१,७४२,१४४
कुल सम्पत्ति		**४,८४९,१३५,३८१**	**४,९३१,४६२,८५४**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

प्रारम्भिक आय व्यय विवरण

२०८१ साल श्रावण देखि २०८२ साल आषाढ मसान्तसम्मको

विवरण	अनुसूची	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. ब्याज आम्दानी	९	१९१,४५७,३२३	१९८,१७८,८५३
२. ब्याज खर्च	१०	१४६,७६६,२०५	१३८,६५६,४६७
खुद ब्याज आम्दानी		**४४,६९१,११८**	**५९,५२२,३८७**
३. नेपाल सरकारको अनुदान (आम्दानी बाँधेको)		७२,१०४,५५५	५६,३८९,३४७
४. फछ्र्यौट भएको रकम आम्दानी बाँधेको			-
५. अन्य आम्दानी		-	-
कुल सञ्चालन आम्दानी		**७२,१०४,५५५**	**५६,३८९,३४७**
६. ब्याज अनुदान खर्च		१,८६०,८७३	१४,३१९,६७३
७. प्रसासनिक खर्च	११	५५,२८९,८५२	३७,८६७,३८७
८. कार्यक्रम खर्च	१२	१४,३८३,४३०	३,६८०,७३४
९. पुँजीगत खर्च	१३	५७०,४००	५२१,५५४
१० फछ्र्यौट भएको अभिमुखीकरण तालिम खर्च			-
११. अन्य खर्च	१४	७,६०६	६,१६२
सम्भावित नोक्सानी व्यवस्था अघिको सञ्चालन मुनाफा		**४४,६८३,५१२**	**५९,५१६,२२४**
सञ्चालन वचत/(न्युन)		**४४,६८३,५१२**	**५९,५१६,२२४**
१०. गैर संचालन आम्दानी		-	-
११. सम्भावित नोक्सानी व्यवस्था बाट फिर्ता		-	-
खुद वचत/(न्युन)		**४४,६८३,५१२**	**५९,५१६,२२४**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

अपरिस्कृत नगद प्रवाह विवरण

२०८२ साल आषाढ मसान्तको

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
कारोवार सञ्चालनबाट नगद प्रवाह	४७९,८४७,३३०	१,३४६,६७२,४८७
नगद प्राप्ति	**२६३,५६१,८७७**	**२५४,५६८,२००**
ब्याज आम्दानी	१९१,४५७,३२३	१९८,१७८,८५३
अन्य आम्दानी	७२,१०४,५५५	५६,३८९,३४७
नगद भुक्तानी	**२१८,८७८,३६५**	**१९५,०५१,९७६**
व्याज खर्च	१४६,७६६,२०५	१३८,६५६,४६७
प्रशासनिक खर्च	५५,२८९,८५२	३७,८६७,३८७
कार्यक्रम खर्च	१४,३८३,४३०	३,६८०,७३४
पुँजीगत खर्च	५७०,४००	५२१,५५४
विमा प्रिमियम भुक्तानी	-	-
ब्याज अनुदान भुक्तानी	१,८६०,८७३	१४,३१९,६७३
अन्य खर्च	७,६०६	६,१६२
कार्यगत पूँजी गतिविधि अघिको नगद प्रवाह	**४४,६८३,५१२**	**५९,५१६,२२४**
सञ्चालन सम्वन्धि चालु सम्पत्तिमा कमी/(वृद्धि)	**४२१,६०५,२२८**	**१,२६४,३४५,०१४**
स्वरोजगार कर्जा सापटमा कमी–(वृद्धि)	४२१,६०५,२२८	१,२६४,३४५,०१४
अन्य सम्पतिमा कमी–(वृद्धि)	-	-
सञ्चालन सम्वन्धि चालु दायित्वमा (कमी)–वृद्धि	**१३,५५८,५९०**	**२२,८११,२४९**
तिर्न बाँकी विपन्न वर्ग कर्जामा (कमी)–वृद्धि	३,०००,०००	-
अन्य दायित्वमा (कमी)–वृद्धि	१०,५५८,५९०	२२,८११,२४९
लगानी कारोवारमा नगद प्रवाह	-	-
दीर्घकालिन लगानीमा कमी–(वृद्धि)	-	-
दीर्घकालिन लगानीमा व्याज आम्दानी	-	-
अन्य	-	-
वित्तिय श्रोत कारोवारवाट नगद प्रवाह	-	-
दीर्घकालिन ऋणमा वृद्धि /(कमी)	-	-

ब्याज अनुदान कोषमा परिवर्तन वृद्धि/(कमी)	–	–
नेपाल सरकारको अनुदानमा कमी–(वृद्धि)	–	–
यस वर्षको सर्म्पूण गतिविधिबाट नगद प्रवाह (कखंग)	**४७९,८४७,३३०**	**१,३४६,६७२,४८७**
नगद तथा बैंकमा रहेको शुरु मौज्दात	**७३५,३९६,२९९**	**१,२१५,२४३,६२९**
नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात	**१,२१५,२४३,६२९**	**२,५६१,९१६,११६**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

नेपाल सरकारको अनुदान मौज्दात

(२०८२ साल आषाढ मसान्त)

अनुसूची १

विवरण	अनुसूची	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
नेपाल सरकारको अनुदानको शुरुमौज्दात		–	
जोडः यस वर्ष प्राप्त रकम		७२,१०४,५५४.५४	५६,३८९,३४६.९९
जम्मा		**७२,१०४,५५४.५४**	**५६,३८९,३४६.९९**
क) प्रसासनिक खर्च	११	५५,२८९,८५१.८७	३७,८६७,३८६.७०
ख) कार्यक्रम खर्च	१२	१४,३८३,४२९.८८	३,६८०,७३३.५९
ग) पुँजीगत खर्च	१३	५७०,३९९.९९	५२१,५५४.००
घ) ब्याज अनुदान खर्च		१,८६०,८७२.८०	१४,३१९,६७२.७०
यस वर्षको उपयोग (कखंगंघ)		**७२,१०४,५५४.५४**	**५६,३८९,३४६.९९**

जगेडा तथा कोषहरु

(२०८२ साल आषाढ मसान्त)

अनुसूची २

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. सञ्चित नाफा नोक्सान	८००,७५०,९३५.१२	८४५,४३४,४४७.११
२. ब्याज अनुदान कोष	१६,१६०,१२४.००	१६,१६०,१२४.००
नाफा (नोक्सान)	४४,६८३,५११.९९	५९,५१६,२२४.३५
जम्मा	**८६१,५९४,५७१.११**	**९२१,११०,७९५.४६**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

ब्याज अनुदान कोष

(२०८२ साल आषाढ मसान्त)

अनुसूची २क

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
ब्याज अनुदान कोषको शुरु मौज्दात	१६,१६०,१२४.००	१६,१६०,१२४.००
यस वर्षको अन्तिम मौज्दात	**१६,१६०,१२४.००**	**१६,१६०,१२४.००**

तिर्न बाँकी विपन्नवर्ग कर्जा सापटी

(२०८२ साल आषाढ मसान्त)

अनुसूची ३

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
क. स्वदेशी		
क वर्गका इजाजतप्राप्त संस्थाहरु	३,६९१,१७५,५९६.२७	३,६९१,१७५,५९६.२७
ख वर्गका इजाजतप्राप्त संस्थाहरु	७०,९४३,६०४.४१	७०,९४३,६०४.४१
ग वर्गका इजाजतप्राप्त संस्थाहरु	५३,०६७,५८०.८२	५३,०६७,५८०.८२
अन्य संगठित संस्था	४६,२००,०००.००	४६,२००,०००.००
जम्मा	**३,८६१,३८६,७८१.५०**	**३,८६१,३८६,७८१.५०**

अन्य दायित्व

(२०८२ साल आषाढ मसान्त)

अनुसूची ४

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. सहकारीबाट प्राप्त अग्रिम रकम	१२४,८००,७१८.५०	१४७,६११,९६७.१५
२. बैंक तथा वित्तीय संस्था	१,३५३,३१०.१३	१,३५३,३१०.१३
जम्मा	**१२६,१५४,०२८.६३**	**१४८,९६५,२७७.२८**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

नेपाल राष्ट बैंकमा रहेको मौज्दात

(२०८२ साल आषाढ मसान्त)

अनुसूची ५

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
क. चल्ती खाता	११,११४.००	११,११४.००
जम्मा	**११,११४.००**	**११,११४.००**

बैंक तथा वित्तीय संस्थामा रहेको मौज्दात

(२०८२ साल आषाढ मसान्त)

अनुसूची ६

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
क वर्गका इजाजतप्राप्त संस्थाहरु	१,०३६,८९४,०८६.१८	२,३७७,१९१,६८६.६२
ख वर्गका इजाजतप्राप्त संस्थाहरु	१३६,२५०,८१७.२९	१४२,६२५,७०३.५४
ग वर्गका इजाजतप्राप्त संस्थाहरु	४२,०८७,६११.४०	४२,०८७,६११.४०

स्वरोजगार कर्जा सापट

(२०८२ साल आषाढ मसान्त)

अनुसूची ७

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. स्वरोजगार कर्जा सापट		
१.१ क वर्गका इजाजतप्राप्त संस्थाहरु	२८५,६३०,१८१.४६	२८५,६३०,१८१.४६
१.२ ख वर्गका इजाजतप्राप्त संस्थाहरु	२,१७६,७२७.०६	२,१७६,७५४.२९
१.३ ग वर्गका इजाजतप्राप्त संस्थाहरु	१५,०००,०००.००	१५,०००,०००.००
१.४ घ वर्गका इजाजतप्राप्त संस्थाहरु	०.००	०.००
१.५ सहकारी संस्थाहरु	१२,५२६,०८३.०५	१२,५२०,३५२.६९
१.५ प्रारम्भिक सहकारी संस्थाहरु/लधुवित्त	३,२९६,८१६,६१६.९८	२,०३२,४७७,३०६.४२
क. कूल कर्जा सापट	**३,६१२,१४९,६०८.५५**	**२,३४७,८०४,५९४.८६**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

अन्य सम्पत्ति

(२०८२ साल आषाढ मसान्त)

अनुसूची ८

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. अग्रिम तलब	३,०१४,२२२.००	३,०१४,२२२.००
२. नेपाल सरकारसंग माग गर्नुपर्ने रकम	१८,७२६,६३६.८२	१८,७२६,६३६.८२
३. अन्य	१,२८५.००	१,२८५.००
जम्मा	२१,७४२,१४३.८२	२१,७४२,१४३.८२

ब्याज आम्दानी

(२०८२ साल आषाढ मसान्त)

अनुसूची ९

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
क. स्वरोजगार कर्जा सापटमा ब्याज		
वर्गका इजाजतप्राप्त संस्थाहरु	१६,५६४,८१४.०१	१६,७७६,६०६.०५
सहकारी संघ	११,८५९,६५८.८३	९००,५१७.७३
प्रारम्भिक सहकारी संस्थाहरु तथा लघुवित्त	१५८,८१२,७२८.४१	१७६,४५४,७४०.४०
जम्मा	**१८७,२३७,२०१.२५**	**१९४,१३१,८६४.१८**
ख. माग तथा अल्प सूचनामा प्राप्त हुने रकममा ब्याज	४,२२०,१२१.३८	४,०४६,९८८.८८
जम्मा	४,२२०,१२१.३८	४,०४६,९८८.८८
कूल ब्याज आम्दानी	**१९१,४५७,३२२.६३**	**१९८,१७८,८५३.०६**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

ब्याज खर्च

(२०८२ साल आषाढ मसान्त)

अनुसूची १०

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
क. स्वदेशी कर्जा सापटीमा ब्याज	**१४६,७६६,२०४.६१**	**१३८,६५६,४६६.५५**
अन्य संगठित संस्था	**१४६,७६६,२०४.६१**	-
जम्मा	**१४६,७६६,२०४.६१**	**१३८,६५६,४६६.५५**
ख. विदेशी		
१. बैंकहरु	-	-
२. अन्य	-	-
जम्मा	**१४६,७६६,२०४.६१**	**१३८,६५६,४६६.५५**

प्रसासनिक खर्च

(२०८२ साल आषाढ मसान्त)

अनुसूची ११

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. कर्मचारी खर्च	४१,७२९,८७६.४३	२८,२६३,२१४.८१
२. घरभाडा	४,४०६,६८६.००	४,२८८,०००.००
३. बत्ती, बिजुली र पानी	४४०,४८९.१६	८५९,४०६.५६
४. मर्मत तथा सम्भार	९५३,३१३.५६	६४,९६८.००
५. स्वरोजगार कर्जा व्यवस्थापन खर्च		
६. पोष्टेज, टेलेक्स, टेलिफोन, फ्याक्स	४२०,०३७.६७	८५९,४०६.५६
७. ईन्धन खर्च	८१४,९३६.००	६१७,०३४.००
९. कार्यालय सम्वन्धि खर्च	१,७२७,९७५.०५	६९०,३७१.९८
१०. परामर्श तथा अन्य सेवा		७१,३५८.७०
११. सुरक्षा खर्च	४८४,२००.००	४८४,२००.००
१२. ७५ जिल्ला कार्यक्रम खर्च	३,९११,५८५.००	९२०,४००.००
१३. विविध	४००,७५३.००	७४९,०२६.७०
जम्मा	**५५,२८९,८५१.८७**	**३७,८६७,३८७.३१**

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

कर्मचारी खर्च

(२०८२ साल आषाढ मसान्त)

अनुसची ११क

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. तलव	३५,५२२,५५०.४३	२२,५१७,५७९.९८
२. भत्ता	५,६९७,३२६.००	५,२५५,६३४.८३
३.पोशाक खर्च	५१०,०००.००	४९०,०००.००
जम्मा	४१,७२९,८७६.४३	२८,२६३,२१४.८१

कार्यक्रम खर्च

(२०८२ साल आषाढ मसान्त)

अनुसूची १२

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. कार्यक्रम बीमा खर्च	१०,८३९,६८८.४७	६२५,६२५.५१
२. अभिमुखीकरण तालिम	११६,९००.००	
३. सीप विकास तालिम	९१३,५५३.४१	४७५,११०.०८
४. विज्ञापन तथा प्रवर्दन		
५. अनुगमन तथा पुनरावलोकन खर्च	२,४३९,४९९.००	१,८२७,७०६.००
६. अनुगमन स्वयंसेवक		
७. कार्यकम खर्च	७३,७८९.००	७५२,२९२.००
८. क्षमता अभिबृद्धि कार्यक्रम		-
जम्मा	१४,३८३,४२९.८८	३,६८०,७३३.५९

युवा तथा साना व्यवसायी स्वरोजगार कोष

पुंजीगत खर्च

(२०८२ साल आषाढ मसान्त)

अनुसची १३

विवरण	वर्ष २०८०/२०८१	वर्ष २०८१/२०८२ (P)
१. मेसिनरी तथा औजार	३७२,५००.००	३८८,३५५.००
२. फर्निचर, फिक्स्चर तथा कार्यालय उपकरणहरु	१९७,८९९.९९	१३३,१९९.००
जम्मा	**५७०,३९९.९९**	**५२१,५५४.००**

नेपाल सरकार

युवा तथा खेलकुद मन्त्रालय

युवा तथा साना व्यवसायी स्वरोजगार कोषको

थोककर्जा लिन चाहने सहकारी संस्थाहरूलाई जरुरी सूचना

राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित मितिः २०८२ जेष्ठ २३ गते शुक्रबार

कोषबाट थोककर्जा लिई कोषको उद्देश्यानुसार कोषबाट छनौट गरिएका बेरोजगार व्यक्तिहरूलाई कोषले तोकेको समयमा व्यक्तिगत वा सामूहिक कर्जा प्रवाह गरी स्वरोजगार बनाउन देहाय बमोजिम मापदण्ड पूरा गरेका ईच्छुक सहकारी संस्थाहरूले तोकिएका कागजात संलग्न राखी ३५ दिनभित्र अर्थात् असार २६, २०८२ बिहिबार कार्यालय समयभित्र कर्जा प्रस्ताव फारम पूर्ण रूपमा भरी जिल्ला कर्जा असूली उप–समितिको कार्यालय (जिल्ला प्रशासन कार्यालय) र काठमाण्डौ, भक्तपुर र ललितपुर जिल्लाको हकमा कोषको केन्द्रीय कार्यालय कोपुण्डोल, ललितपुरमा प्रस्ताव पेश गर्न हुन यो सूचना आह्वान गरिएको छ। सूचनाको अन्तिमदिन सार्वजनिक विदा परेमा सोको भोलिपल्ट कर्जा प्रस्ताव पेश गर्न सकिनेछ।

१. कर्जाप्रस्ताव पेश गर्ने सहकारी संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरूः

क) संस्थाको कार्यक्षेत्र, शेयरपुँजी, सदस्यसङ्ख्या र सञ्चालनावधिः

क्रम सङ्ख्या	कार्यक्षेत्र	शेयरपुँजी(लाखमा)	शेयर सदस्य सङ्ख्या (जना)	सञ्चालन अवधि (वर्ष)
१.	महानगरपालिका	४०	५५०	संस्था दर्ता भई सञ्चालनमा आएको मितिले २ वर्ष पूरा गरेको एवम् आर्थिक वर्ष २०७९/८० र २०८०/८१ बचत/नाफामा रहेको।
२.	उप-महानगरपालिका	३०	४५०	
३.	नगरपालिका	२०	३५०	
४.	गाउँपालिका	५	२००	
५.	महा/उप-महा/नगरपालिका/उत्पादनमूलक (कृषि सहकारीसंस्था)	१०	२००	
६.	गाउँपालिका उत्पादनमूलक (कृषि सहकारीसंस्था)	४	१२५	
७.	दुर्गमका जिल्लाहरूका सहकारीसंस्थाहरूः **(अछाम, कालीकोट, जाजरकोट, जुम्ला, डोल्पा, दार्चुला, बझाङ, बाजुरा, मनाङ, मुगु, मुस्ताङ र हुम्ला)**	२	१००	

ख) २०८० आषाढ मसान्तसम्मको लेखापरीक्षण सम्पन्न भई संस्था सञ्चित नोक्सानीमा नरहेको हुनुपर्नेछ र २०८१ चैत्र मसान्तसम्मको वित्तीय विवरण पेश गर्नुपर्नेछ।

ग) आर्थिक वर्ष २०८०/८१ मा भाखा नाघेको ऋण कूल ऋण लगानीको ५ प्रतिशतभन्दा बढी नभएको हुनुपर्नेछ। कर्जा वर्गीकरण गरी नियमअनुसारको कर्जा जोखिम कोषको व्यवस्था गरेको हुनुपर्नेछ।

घ) सञ्चालक, लेखा र ऋणउप–समितिका सदस्य तथा पदाधिकारीहरू सहकारी संस्थाको कार्यक्षेत्रभित्र स्थायी बसोबास गरेको प्रमाण (नागरिकता प्रमाणपत्र/राष्ट्रिय परिचयपत्र, मतदाता परिचयपत्र वा जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति) हुनुपर्नेछ। बसाईसरी आएकाको हकमा स्थानीय पञ्जिकाधिकारीको सिफारिस पेश गर्नुपर्नेछ।

ङ) संस्थाले कार्यालय खोली नियमित रूपमा कार्यसञ्चालन गरेको हुनुपर्नेछ।

च) कर्जा माग प्रस्ताव गर्दा सहकारी संस्थाका मौजुदा तथा तत्कालीन पदाधिकारी एवम् सदस्यहरूको दायित्व कोषको कर्जा चुक्ता नहुँदासम्म कायम रहनेछ।

छ) सङ्घीय सरकार, प्रदेश सरकार, स्थानीय तह तथा अन्य निकायबाट कुनै कैफियत नदेखिएको हुनुपर्नेछ।

२. संस्थाले प्रमाणित गरी पेश गर्नुपर्ने कागजातहरू:

क) माथि १ को (क) मा उल्लेखित भएअनुसारको लेखा परीक्षण प्रतिवेदन (वासलात, नाफा–नोक्सान हिसाब, नगदप्रवाह विवरण, लेखानीति तथा टिप्पणी र सोको अनुसूचीहरू), लेखा परीक्षकको संस्थादर्ता, नवीकरण प्रमाणपत्र, करचुक्ता र मूल्यअभिवृद्धिकर (भ्याट)/स्थायी लेखा नम्बर (प्यान) दर्ताको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ।

ख) कोषको कर्जा प्रस्ताव फारम पूर्ण रूपमा भरी प्रत्येक पानामा हस्ताक्षर गरी संस्थाको छाप लगाएको हुनुपर्नेछ।

ग) बचत तथा ऋण र बहुउद्देश्यीय तथा रू. १ करोडभन्दा बढी कारोबार गर्ने सहकारी संस्थाहरूको हकमा आर्थिक वर्ष २०८०/८१ को लामोफाराम (लङ्गफर्म) र पर्ल्सप्रतिवेदन पेश गर्नुपर्नेछ। साथै लेखापरीक्षण प्रतिवेदनमा UDIN नम्बर अनिवार्य उल्लेख भएको हुनुपर्नेछ। उत्पादनमूलक सहकारी संस्थाको हकमा पर्ल्स प्रतिवेदन नभएमा लेखा परीक्षकबाट कर्जा वर्गीकरण र भाखा नाघेको/ननाघेको प्रमाणितपत्र संलग्न हुनुपर्नेछ।

घ) सहकारीसंस्थाले आफ्नो कार्यक्षेत्रभित्र लगानी गर्ने स्थानीयतहको सक्कलै सिफारिसपत्र कोषले तोकेको ढाँचामा पेश गर्नुपर्नेछ।

ङ) सहकारी संस्थाको सञ्चालक, लेखा तथा कर्जाउप–समितिका पदाधिकारी तथा सदस्यहरूको नागरिकता/राष्ट्रिय परिचयपत्रको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ। संस्थाको आफ्नै घरजग्गा भए सोको प्रमाण र सञ्चालक, लेखा, कर्जाउप–समिति र व्यवस्थापकको नाममा रहेको जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रति एवम् उक्त जग्गाको चालु आर्थिक वर्षको तिरो तिरेको रसिदको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ। सञ्चालक, लेखा, कर्जाउप–समितिका पदाधिकारी तथा सदस्यहरू र व्यवस्थापकको आफ्नो नाममा घरजग्गा नभएमा एकाघर परिवारको जग्गाधनी प्रमाणपूर्जाको छायाँप्रतिको साथै सम्बन्धित धनीको मञ्जुरीनामा पेश गर्नुपर्नेछ। आफ्नो वा एकाघर परिवारका सदस्यको नाममा कुनै घरजग्गा नभएकाको हकमा सम्बन्धित पालिकाबाट स्वीकृत लिई बसोबास गरेको घरजग्गाको निस्सा र सोबारे पालिकाले गरेको सिफारिसपत्र पेश गर्नुपर्नेछ।

च) संस्थाको आफ्नो कार्यालयभवन नभएमा कार्यालय सञ्चालन भएको घरबहाल सम्झौतापत्रको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ।

छ) माथि १ को मापदण्डानुसार संस्थादर्ता प्रमाणपत्र, स्थायी लेखा नम्बर (प्यान), सम्बन्धित दुई आर्थिक वर्षको करचुक्ता प्रमाणपत्रको छायाँप्रति पेश गर्नुपर्नेछ।

ज) विनियमको प्रमाणित छायाँप्रति पेश गर्नुपर्नेछ।

झ) विनियमको उद्देश्य वा कार्यमा अन्य कोष, सङ्घ/संस्थामार्फत् कर्जा लिने/दिने व्यवस्था भएको हुनुपर्नेछ।

३. सहकारीका सञ्चालक, लेखा तथा कर्जाउप–समितिले निर्णय गरी पेश गर्नुपर्ने कागजातहरू:

क) समितिका सदस्यहरूले स्वरोजगार कर्जा माग गर्ने निर्णय र आफ्नो कार्यक्षेत्रभित्र बसोबास गर्ने बेरोजगारहरूलाई स्वरोजगार बनाउने प्रतिबद्धता।

ख) "कोषको रकम पूर्णरूपमा सदुपयोग गरी साँवा ब्याज फिर्ता गर्न मञ्जुर गरी सोअनुसार कोषमा रकम दाखिला नगरेमा आफ्नो र एकाघर परिवारका सदस्यको नाममा भएको चल/अचल सम्पत्ति जायजेथाबाट असूल–उपर गरेमा मञ्जुर छ। कर्जा दुरुपयोग गरेमा वा समयमा कोषमा साँवा-ब्याज फिर्ता नगरेमा सञ्चालक, लेखा र कर्जाउप–समितिका पदाधिकारी तथा सदस्यहरूलाई सङ्घीय सरकार, प्रदेश सरकार र स्थानीय तहबाट दिने सेवा/सुविधाबाट बञ्चित गर्ने, कालोसूचीमा राख्ने, बैङ्क/वित्तीय संस्थामा रहेको खाता रोक्का गर्ने, सरकारीधन मासेसरह कार्यवाही गर्ने लगायतका प्रचलित कानुनबमोजिम कारवाही गरी कोषको रकम असूल गरेमा मञ्जुर छ" भन्ने व्यहोराको व्यक्तिगत/सामूहिक मञ्जुरीनामाको निर्णय।

ग) सहकारी संस्था एवम् सञ्चालक, लेखा तथा कर्जाउप–समितिका पदाधिकारी तथा सदस्यहरू कालोसूचीमा परे/नपरेको व्यहोराको स्व–घोषणा।

घ) सहकारी संस्थाले बैङ्क/वित्तीय संस्था वा अन्य कुनै संस्थाबाट कर्जा लिएको भएमा सोको सम्बन्धित संस्थाबाट लिएको साख सूचना पेश गर्नुपर्नेछ। नलिएको भएमा कर्जा नलिएको स्व–घोषणा।

ङ) यसअघिको सूचना अनुसार पेश भई अध्ययनरत अवस्थामा रहेको वा विचाराधीन फाईलका आवदेक सहकारी संस्थाहरूले पुनः प्रस्ताव पेश गर्नुपर्नेछ। यसरी पुनः प्रस्ताव पेश गरेका सहकारी संस्थाहरूलाई प्राथमिकतामा राखिनेछ।

४. कोषसँग पुनः कर्जा कारोबार गर्न ईच्छुक संस्थाहरूले पूरा गर्नुपर्ने मापदण्डहरूः

यसअघि लिएको कोषको कर्जा रकम समयमै पूर्णचुक्ता गरेका सहकारी संस्थाहरूले मात्र माग प्रस्ताव पेश गर्न सक्नेछन् । तीन किस्ताभन्दा बढी अवधि भाखा नाघेका सहकारी संस्थाको आवेदन रद्द हुनेछ।

५. प्रस्ताव मूल्याङ्कन, छनौट र कर्जा रकमः

क) पेश भएका प्रस्तावहरू कोषको नियमानुसार स्थलगत निरीक्षण गरी सिफारिस भएपछि कोषबाट आवश्यक मूल्याङ्कन गरी प्रथम पटकमा अधिकतम् ५० लाख र यसअघि कर्जा सम्झौता गरी नियमित कर्जा चुक्ता गरेका संस्थालाई बढीमा रू. १ करोडसम्म कर्जा स्वीकृत गर्न सकिनेछ।

ख) उपर्युक्तानुसार कर्जा प्रस्ताव फारम पूर्ण नभरिएका, मापदण्ड पूरा नगरेका, कागजात नपुगेका संस्थाहरूको कर्जा प्रस्ताव स्वतः रद्द भएको मानिनेछ।

ग) कर्जा स्वीकृत गर्नेसम्बन्धी सम्पूर्णाधिकार कोषमा निहित रहने छ।

घ) कर्जा प्रस्ताव फारम र स्थानीय तहको सिफारिस पत्रको नमूना कोषको सचिवालयको वेवसाईट www.ysef.gov.np बाट प्राप्त गर्न सकिनेछ।

ङ) यसअघि कोषको लगानी कम रहेको जिल्लालाई प्राथमिकता दिनेछ। साथै, कोषले लगानी गर्दा बेरोजगारी दर बढी भएको क्षेत्र/जिल्लालाई प्राथमिकता दिनेछ।

६. नविनतम स्वरोजगार परियोजना :

एक प्रदेश एक नविनतम स्वरोजगार परियोजना संचालन गर्नका लागि बैंक वित्तीय संस्था तथा सहकारी संस्थाहरुले कर्जाका लागि कोषको कार्यालय कोपुण्डोल ललितपुरमा परियोजना प्रस्ताब पेश गर्न सक्नेछन।

*(**पुनश्चः** उत्पादनमूलक सहकारीसंस्था भन्नाले कृषि, पशुपालन, दुग्ध उत्पादन, माछापालन, मौरीपालन लगायतका विषयगत उत्पादन वा प्रशोधनमा संलग्न सहकारी संस्थाहरूलाई सम्झनुपर्दछ।*

बैङ्क/वित्तीय संस्थाहरूको हकमा कोष सचिवालय, कोपुण्डोल ललितपुरमा जुनसुकैबेला थोककर्जा प्रस्ताव पेश गर्न सक्नेछन्।)